# क्रिया–प्रतिक्रिया

इन्सेक नेपालमा मानव अधिकारको क्षेत्रमा लामो समयदेखि काम गर्दै आइरहेको छ। इन्सेकले प्रकाशन गरेको नेपाल मानव अधिकार वर्ष पुस्तक नियमित अध्ययन गर्छु। यस संस्था विश्वसनीयता जगाउन यस पुस्तकले योगदान गरेको छ। वर्ष पुस्तक देशको मानव अधिकार दस्तावेज भएकाले यसको महत्व दीर्घकालीन छ।

**सुमन शाक्य**
प्रमुख, जिल्ला समन्वय समिति सङ्खुवासभा

मानव अधिकार संरक्षणको क्षेत्रमा विशेष गरी बालबालिका र महिलाविरुद्ध हुने कसुरका सम्बन्धमा खोजमूलक अध्ययन अनुसन्धान र सो सम्बन्धी तथ्याङ्कसमेत समावेश गरी इन्सेकद्वारा प्रत्येक वर्ष मानवअधिकार वर्ष पुस्तक प्रकाशित हुँदै आएको छ। मानव अधिकार संरक्षण र संवर्द्धनका लागि वर्ष पुस्तकले विशेष भूमिका खेलेको छ।

**टेकनाथ गौतम**
जिल्ला न्यायाधीश, सङ्खुवासभा जिल्ला अदालत चैनपुर

जिल्लामा मानव अधिकारको अवस्था चित्रण तथा विश्लेषण गर्दै आएकोमा मानव अधिकार सम्बन्धी अनुसन्धान, संरक्षण तथा सम्वर्धन गर्ने कार्यमा सहयोगी पुस्तक प्रकाशनको लागि शुभकामना छ।

**विरेन्द्रकुमार यादव**
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, सङ्खुवासभा

मानव अधिकार क्षेत्रमा लामो समयदेखि काम गर्दै आएको इन्सेकको भूमिका उल्लेखनीय छ। देशको समग्र मानव अधिकार उल्लङ्घनका एवम् संवर्द्धनमा इन्सेकको भूमिका महत्वपूर्ण छ। सरोकारवाला पक्षलाई जिम्मेवारी बनाउन सहयोग पुर्‍याउन र दस्तावेजको रूपमा समेत वर्ष पुस्तकलाई लिइन्छ।

**इन्द्र गिरी**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, सङ्खुवासभा शाखा




इन्सेकले राज्यपक्ष र अन्य राज्य पक्षलाई मानव अधिकार संरक्षणमा सचेत रहन प्रेरित गरेको छ। यसले महिला, बालबालिकामाथि हुने सबै खाले हिंसालाइ न्यूनीकरण गर्न उत्साहित गर्नुका साथै जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी मानव अधिकार संरक्षणमा उत्प्रेरणा प्रदान गरोस्।

**विरेन्द्र गोदार**
प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, सङ्खुवासभा

मानव अधिकार र सामाजिक न्यायको क्षेत्रमा कृयाशील इन्सेकले प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तक एक ऐतिहासिक दस्तावेजको रूपमा स्थापित छ। मानव अधिकार उल्लङ्घनका घटनाको तथ्याङ्कलाई सङ्ग्रहित गर्दै उल्लङ्घनका घटनालाई न्यूनीकरण र राज्यलाई दायित्व बोध गराउने सन्दर्भमा प्रस्तुत पुस्तक अब्बल सावित भएको छ।

**लाक्पा जी शेर्पा**, अध्यक्ष,
नेपाल पत्रकार महासङ्घ शाखा कार्यालय, ओखलढुङ्गा

इन्सेकले मानव अधिकारसम्बन्धी गरेको काम र प्रकाशन राम्रो छ। मानव अधिकार उल्लङ्घनबाट जसलाई क्षति पुगेको छ, त्यसको पीडा भोग्नेलाई मात्र थाहा हुन्छ। राज्यका अङ्गले गर्नुपर्ने मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्धन गर्ने काम इन्सेकले गरेर शासकीय साझेदारीमा महत्वपूर्ण योगदान पुगेको छ।

**नवीन खनाल**

स्रेस्तेदार, जिल्ला अदालत, ओखलढुङ्गा

मानव अधिकारको क्षेत्र संवेदनशील र गम्भीर भएकाले सरोकारवालाको निरन्तर अध्ययन अनुसन्धान समन्वय सहकार्य र अनुभव आदानप्रदानलाई अझ विस्तार गर्नु आवश्यक देखिन्छ। इन्सेकले मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरी मानव अधिकारको संरक्षणमा थप टेवा पुर्‍याएको छ। इन्सेकले यसरी नै सत्य र तथ्यमा आधारित भएर वर्ष पुस्तक प्रकाशन गर्न सकोस्। इन्सेकलाई सफलताको शुभकामना।

**सुकदेव खनाल**

डिएसपी, जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा

मानव अधिकारको सम्मान,संरक्षण र प्रभावकारी कार्यान्वयनका लागि नागरिक तहको निगरानी र खबरदारीको आवश्यकता पर्दछ। इन्सेकले विगत लामो समयदेखि यस जिल्लामा उक्त भूमिका निर्वाह गर्दै आइरहेको देखिन्छ। मानव अधिकार वर्ष पुस्तकको नियमित प्रकाशनले त्यस्तो कार्यको अभिलेखीकरण गर्दै राज्यका निकाय र अधिकारीहरूलाई मानव अधिकार मानव अधिकार प्रति जिम्मेवार र जवाफदेही हुन अभिप्रेरित गर्दै आइरहेको छ। नागरिक सशक्तिकरण र समावेशी विकासका लागि राज्यका निकायहरूसँग समन्वय र सहकार्य गर्दै अझ सशक्त ढङ्गले अगाडि बढ्न सकोस्। शुभकामना।

**दिलकुमार तामाङ**

प्रमुख जिल्ला अधिकारी, ओखलढुङ्गा

तथ्य तथ्याङ्कमा आधारित रहेर मानव अधिकारको क्षेत्रमा वकालत गरिरहेको इन्सेकले पैरवीका कार्यलाई सशक्त बनाउन आवश्यक छ। महिला तथा बालबालिकामाथि हुने सबैखाले हिंसालाई न्युनिकरण गर्न यो पुस्तक मार्ग दर्शक बन्न सकोस्। वर्ष पुस्तकले गरेको खबदारीले तीनै तहका सरकारले गर्ने काम सहज हुनेछ भन्ने मैले विश्वास लिएको छु।

**कमल थुलुङ राई**

प्रमुख जिल्ला समन्वय समिति, भोजपुर

मानव अधिकार व्यक्तिको नैसर्गिक अधिकार हो। हामी मानव अधिकारको विषयमा संवेदनशील छौँ। इन्सेक जिल्ला प्रतिनिधिहरूले सुक्ष्म तरिकाले गरेको घटना अध्ययन वर्ष पुस्तकमा समावेश गरेको पाइन्छ। वर्ष पुस्तक देशको मानव अधिकार अवस्थाको दस्तावेज हो। ग्रामीण क्षेत्रका कतिपय घटनाहरू बाहिर आउन सकेका छैन्न्। सरोकारवाला सबैको ध्यान जान आवश्यक छ।

**हरिप्रसाद घिमिरे**

प्रमुख जिल्ला अधिकारी,भोजपुर

इन्सेकले बर्सेनी मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्नु सुखद पक्ष हो। हामी पनि मानव अधिकारको विषयमा संवेदनशील छौँ। नेपाल मानव अधिकार वर्ष पुस्तक, मानव अधिकार उल्लङ्घन तथा ज्याजदतीका घटनाहरू अभिलेख गर्ने दस्तावेज मात्र नभई मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण भूमिका खेलेको छ। यसले सम्बन्धित निकायलाई जवाफदेही र सचेत बनाउन सकोस् शुभकामना।

**किरण राई**

अध्यक्ष, पौवादुङमा गाउँपालिका, भोजपुर

मानव अधिकार एक संवेदनशील विषय हो। इन्सेकले जिल्लामा हुने मानव अधिकारका घटनाहरूलाई निष्पक्ष रूपमा उजागर गरेको छ। मानव अधिकार वर्ष पुस्तक प्रकाशनले पीडितले न्याय प्राप्त गर्न सहयोग पुगेको महसुस गरेको छु। महिला, बालबालिका तथा सवै पक्षबाट हुने सबै प्रकारका घटनालाई प्रष्ट पार्न इन्सेकको भूमिका प्रशंसनीय छ।

**नवराज कार्की**

स्रस्तेदार, जिल्ला अदालत, भोजपुर

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको अभिलेख गरी जिम्मेवार पदाधिकारीलाई मानव अधिकार उल्लङ्घनकर्तामा आफू परिन्छ भन्ने डर पैदा गराउन यो पुस्तक सफल छ। नागरिकको संविधानप्रदत्त मौलिक हक र अधिकार संरक्षणका लागि नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ को सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु।

**मोहनप्रसाद अर्याल**

प्रमुख जिल्ला अधिकारी, तेह्रथुम

पहुँच नभएका र पछाडी परेका/पारिएका वर्गको आवाजका लागि इन्सेकले निरन्तर कार्य गरिरहेको छ। प्रशासनले गरेका कतिपय अनुसन्धानलाई मानव अधिकार उल्लङ्घन नभई कानुनी शासन प्रत्याभूति दिलाउन खोजिएको विषयमा वर्ष पुस्तकले प्रष्ट उल्लेख गर्न आवश्यक छ।

**युवराज कटेल**
प्रमुख जिल्ला अधिकारी, धनकुटा

वर्षभरी मानव अधिकारको सन्दर्भमा देशमा भएका घटनाहरूको बारेमा उल्लेख गरिने मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको सन्दर्भमा यथार्थ उजागर गरेको छ। आम नागरिकलाई मानव अधिकार उल्लङ्घनका घटनाप्रति सजग गराउन यसले मद्दत गरेको छ। यस पुस्तकले सुरक्षा निकायलगायत सम्वद्ध पक्षलाई सजग, सतर्क र जवाफदेहीता बनाई मानव अधिकार उल्लङ्घनका घटना न्यूनीकरणका लागि सहयोग गरेको छ।

**लक्ष्मीराज अधिकारी**
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, धनकुटा

इन्सेकले हरेक वर्ष पुस्तक प्रकाशन गरी मानव अधिकारको खबरदारी गर्दै आएको छ। मानव अधिकारप्रति सर्तक र सजग गराई आआफ्नो क्षेत्रमा क्रियाशील हुन यस पुस्तकले प्रेरित गरेको छ। कुनै पनि क्षेत्रबाट भएका मानव अधिकार उल्लङ्घन, हनन् र ज्यादतीका घटनालाई जनसमक्ष पुऱ्याएर सम्पूर्ण नागरिकहरूलाई मानव अधिकारप्रति सचेत गराउन इन्सेकको महत्वपूर्ण योगदान छ।

**सरोज कुमार भुजेल**
अध्यक्ष, मानव अधिकार, सामाजिक सचेतना र विकास केन्द्र (हुसाडेक) नेपाल धनकुटा

अनौपचारिक क्षेत्र सेवा केन्द्र, इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको यो पुस्तक मानव अधिकारको क्षेत्रको लागि ऐतिहासिक दस्तावेज हो। मानव अधिकारको क्षेत्रमा चासो राख्ने वा अध्ययन गर्ने जोकोहीलाई पनि यो पुस्तक महत्वपूर्ण सामाग्री हुन्छ। पुस्तकले नेपालको अवस्था वोल्छ। नेपालको मानवअधिकारलाई चित्रण गर्दछ।

**हरिबहादुर लम्जेल**
सभापति, मानव अधिकार तथा शान्ति समाज धनकुटा

इन्सेक मानवअधिकार संरक्षणमा लामो समयदेखि सक्रिय छ। इन्सेकले वर्ष पुस्तकमा राख्ने विषयवस्तु अन्य स्रोतबाट लिएरमात्र होइन,आफै आधिकारिक तथ्य लिएर राख्छ। यस पुस्तकले मानवअधिकारका सवालहरूमा राज्यको ध्यानाकर्षण गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। आगामी दिनमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका सवाललाई वर्ष पुस्तकमा छुट्टै प्रकाशन गरी राज्यको मानव अधिकारप्रतिको दृष्टिकोण सार्वजनिक गर्न आवश्यक छ।

**भिम चापागाई**
सचिव पत्रकार महासङ्घ,इलाम

मानव अधिकारको संरक्षण र संवर्द्धनमा इन्सेकको भूमिका महत्वपूर्ण रही आएको छ। मानव अधिकारको समुदाय तह समयको शिक्षा र मानव अधिकार उल्लङ्घनका घटनाको व्यवस्थित र निरन्तर अभिलेखीकरणलाई उदाहरण लिन सकिन्छ। मानव अधिकार उल्लङ्घनका घटनाहरू एउटा व्यवस्थित अभिलेखीकरणको दस्तावेज हो।

**देवेन्द्र कुमार विश्वकर्मा**
कार्यकारी निर्देशक, मानव अधिकारका मञ्च, इलाम

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको वर्तमान अवस्थाको समीक्षात्मक एवं विश्लेषणात्मक विवरण प्रस्तुत गर्दै आएको छ। यस पुस्तकले मानव अधिकारको संरक्षण, संवर्द्धन एवं प्रवर्द्धनमा विशेष योगदान पुऱ्याउने अपेक्षा राखेको छु। मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई न्यूनीकरण गर्न इन्सेक लगायतका संस्थाहरूबाट महत्वपूर्ण योगदान हुनु पर्छ।

**छविलाल रिजाल**
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, झापा

अनौपचारिक क्षेत्र सेवा केन्द्र( इन्सेक) ले १९९२ देखि नेपाल मानव अधिकार पुस्तक प्रकाशन गर्दै आएको छ। मानव अधिकार ज्यादती र मानव अधिकार उल्लघंनका घटनाको उजागर गरी सम्बन्धित निकायको कमीकमजोरी समेत औँल्याउने भएकोले यो पुस्तक निकै प्रभावकारी रहेको छ।

**विश्वमणी पोखरेल**
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय झापा

अनौपचारिक क्षेत्र सेवा केन्द्र( इन्सेक) ले देशका ७७ वटै जिल्लामा भएका अनेकौं मानव अधिकार उल्लंघनका घटनाहरूलाई सत्य तथ्यका साथ मानव अधिकार वर्ष पुस्तकमा प्रकाशन गर्दैं आएको छ। वर्षपुस्तकले मानव अधिकारको अवस्थालाई यथार्थ रूपमा झल्काउँछ।

**हरिप्रसाद अधिकारी**
अध्यक्ष, नेपाल बार एसोशियसन, झापा

सबैले स्वतन्त्र भएर स्वस्थ्य जीवन बाँच्न पाउने अधिकारको संरक्षण अन्य क्षेत्रहरूबाट पनि हुनुपर्छ। नेपाल मानव अधिकार वर्ष पुस्तकले समस्याको कारण केलाउने मात्र नभई निराकरण गर्नेतर्फ पनि सबैको ध्यान आकृष्ट गर्नु पर्छ। सरोकारवाला निकायले समाजको प्रतिविम्ब बन्नु पर्छ र अपराधका कारक तत्व र समाधानका तरिका खोज्नु पर्छ।

**लालकाजी श्रेष्ठ**
जिल्ला न्यायाधीश सप्तरी जिल्ला अदालत

राज्य पक्षलाई मानव अधिकार हननका घटनाको बारे स्थिति विश्लेषण गरी मानव अधिकार संरक्षणको सम्बन्धमा राज्यको भूमिकालाई प्रभावकारी बनाउन यस पुस्तकले आधार प्रदान गर्ने गर्दछ। जटिल सामाजिक सम्बन्ध र कमजोर सामाजिक सद्भाव, न्यून चेतनास्तर, विविध सामाजिक बनोट, अशिक्षा र गरिबीले पनि विभिन्न खालका हिंसाका घटना वृद्धि हुने गर्दछन्। मूलत: अपराधिक घटनालाई राजनीतिकरण र अपराधीलाई संरक्षण गर्ने प्रवृत्तिले दण्डहीनतालाई प्रश्रय भएको देखिन्छ।

**भूपेन्द्र थापा**
प्रमुख जिल्ला अधिकारी, सप्तरी

मानव अधिकार र सामाजिक न्यायको क्षेत्रमा लामो समयदेखि इमान्दारीपूर्वक क्रियाशील इन्सेकले प्रत्येक वर्ष मानव अधिकारको अवस्था अध्ययन गर्ने दस्तावेजका रूपमा वर्ष पुस्तक प्रकाशन गर्दै आइरहेको छ। दण्डहीनताको अन्त्य र पीडित पक्षको न्यायका लागि तत्पर इन्सेकले समाजमा निष्पक्ष रूपमा काम गर्दै समाजको विश्वास जितेको छ।

**इसरत परविन**
कावा प्रमुख, राजविराज नगरपालिका

इन्सेकले प्रत्येक वर्ष नेपाल भरी मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत सार्वजनिक गर्दै आएको छ। नागरिक र राज्य पक्षलाई सचेत गराउँदै त्यस्ता घटना न्यूनिकरण गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ। मानव अधिकार संरक्षणमा योगदान गर्ने व्यक्ति वा संस्थाको उल्लेख भएमा यसको प्रभावकारिता वृद्धि हुनेछ।

**थानसिंह भन्साली**
अध्यक्ष, नागरिक समाज सप्तरी

मानव अधिकार अनतिक्रम्य हुने गर्दछ। नागरिकमा राज्य पक्ष वा अन्य पक्षबाट हुनेसक्ने अतिक्रमण र आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक अधिकार हनन्का विषयमा इन्सेकले गरेको निगरानी गरेर प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तक संग्रहयोग्य अभिलेख हो। घटना प्रतिको चासो र निगरानी दुवैले भविष्यमा यस प्रकारको गल्ती कमजोरी हटाउन मद्दत गर्ने विश्वास गर्दछु।

**लालबाबु कवारी**
प्रमुख जिल्ला अधिकारी, सिरहा

नेपाल मानव अधिकार वर्ष पुस्तकले राज्य पक्ष तथा निकायगत संस्थाले समेत गरेको मानवअधिकारको उल्लङ्घनका घटनालाई अभिलेखिकरण गरेको छ। नेपालको मानव अधिकार अवस्थाको बारेमा यथार्थ चित्रण गर्ने भएकोले विश्व सामु समेत नेपालमा मानवअधिकार उल्लङ्नका घटनाका बारेमा जानकारी राख्ने एउटा माध्यमका रूपमा रहेको छ।

**शिवप्रसाद आचार्य**
जिल्ला न्यायाधिवक्ता, जिल्ला
सरकारी वकिलको कार्यालय, सिरहा

इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तक मार्फत नेपालको मानव अधिकार अवस्थालाई प्रतिनिधित्व गर्ने गतिलो दस्तावेज प्रकाशन गरी मानवअधिकार संरक्षण र संवर्द्धनमा सराहनीय कार्य गर्दै आएको छ।

समाजमा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरू उजागर हुँदा त्यस्ता घटनाका दोषीलाई सजाय र पिडितलाई न्याय प्रदान गर्न गतिलो आधार प्राप्त हुने भएकाले सम्बद्ध सरोकारवालाहरूलाई नेपाल मानव अधिकार वर्ष पुस्तकले घच-घच्याउँदै आएको छ। मानव अधिकार उल्लङ्घनका घटना हुनुको कारण,

निश्चित घटनामा जिम्मेवार सरोकारवाला निकाय कुन हो र सम्बन्धित निकायले कानुन सम्मत अनुसन्धान, अभियोजन, न्याय निरूपण गर्‍यो, गरेन भन्नेसम्मका तथ्यहरूलाई समेत अझ व्यवस्थित ढङ्गले समावेश गर्न सकिएमा मानव अधिकार रक्षाप्रति सरोकार राख्ने सबैलाई सचेत र जवाफदेही हुन मद्दत पुग्छ।

**कुमारप्रसाद मैनाली**
डिएसपी, इलाका प्रहरी कार्यालय, लहान

नेपालमा मानव अधिकारको क्षेत्रमा छापिने पुस्तकहरू मध्ये इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक एक उत्कृष्ट पुस्तक हो। धनुषालगायत विभिन्न जिल्लामा इन्सेकको वर्ष पुस्तक समीक्षा कार्यक्रममा १३ पटक प्रहरी अधिकारीका रूपमा मैले प्रतिनिधित्व गरेको छु। पुस्तकमा प्रहरीलगायत सरोकारवालाहरूको नजर नपुगेको वा न्याय प्राप्तिमा ढिलाइ भएका घटना समावेश हुने गरेका छन्। यो सराहनीय कार्य हो।

**प्रदीपबहादुर क्षेत्री**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, धनुषा

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानवअधिकार वर्ष पुस्तक मैले अध्ययन गर्ने गरेको छु। जिल्लागत रूपमा मानव अधिकारका घटनाको तथ्याङ्कसहित घटना विवरण राखेर वर्ष पुस्तक छापिनु निकै नै चुनौतीपूर्ण कार्य हो। सञ्चार माध्यममा समेत आउन नसकेको घटना इन्सेकको वर्ष पुस्तकमा छापिँदै आएकाले यस वर्ष पुस्तकको विश्वासनीयता बढेको छ।

**कैलास दास**
निमित्त अध्यक्ष, मिडिया काउन्सिल मधेश प्रदेश, जनकपुरधाम

यस पुस्तकमा मानव अधिकारको क्षेत्रमा काम गर्ने अधिकारकर्मीहरूलाई समेत देशमा कहाँ कस्ता प्रकारका घटना भइरहेको बारेमा जानकारी हुन्छ तर प्रहरीको तथ्याङ्कसँग इन्सेकको तथ्याङ्क फरक हुने गरेकाले जिल्लाको मानव अधिकारको तथ्याङ्क फरक पर्ने गरेको छ।

**मनिका झा**
अध्यक्ष, नेपाल पत्रकार महासंघ धनुषा

इन्सेकले मानवअधिकारको उल्लङ्घनका सवालमा जिल्ला जिल्लामा भएको घटनाहरू सङ्कलन गर्दै वर्ष पुस्तकमार्फत सार्वजनिक गर्नु मानवअधिकारको क्षेत्रमा यसलाई एक उदाहरणीय रूपमा लिनु पर्दछ। यो मानवअधिकारको क्षेत्रमा छापिने पुस्तकमध्ये एक उत्कृष्ट र ऐनाको रूपमा मैले लिने गरेको छु। बर्सेनी मानव अधिकार उल्लङ्घनको घटना अभिलेखिकरण गर्ने गैरसरकारी संस्थाको तर्फबाट नेपालकै पहिलो र अहिलेसम्मको एकमात्र संस्था इन्सेक भएकाले यसप्रति गर्व गर्नुपर्छ। जिल्लामा मानवअधिकार उल्लङ्घनका धेरै घटना हुन्छ। तर, जिल्लामा इन्सेक प्रतिनिधि एक्लो भएकाले सबै घटनामा चाहेर पनि पहुँच हुनसक्ने अवस्था छैन, यो क्षेत्र संवेदनशील क्षेत्र पनि भएकाले जनशक्ति र अन्य दायरा बढाउँदै लैजानु पर्छ।

**राजकुमार महासेठ**
मधेश प्रदेश संयोजक, एड्भोकेसी फोरम नेपाल

मानव अधिकारको क्षेत्रमा राज्यले प्रकाशन गर्नुपर्ने यस्ता पुस्तक इन्सेकले एक साथ देशभरका घटना सङ्कलन गरि पुस्तक प्रकाशन गरिनु ठूलो चुनौतीको सामना गरिनु हो। यसलाई हामी मानवअधिकारको क्षेत्रमा क्रियाशील सङ्घ, संस्था र राज्यले नागरिकको मानव अधिकारको लागि उदाहरणीय पुस्तकको रूपमा लिएका छौँ। यस पुस्तकमा राज्यले अपहेलना गरेका र राज्यको क्षेत्रमा पुगेर पनि न्याय प्राप्तीमा ढिलाइ भएका वा न्याय प्राप्तीमा राम्रो भएका समेत पाउने गरेका छौं। बर्सेनी यस पुस्तकमा दलित, अल्पसङ्ख्यक समुदायको मार्गचित्र झैँ घटना विश्लेषण समेत गरिएको पाइन्छ।

**विनोद रविदास**
एनपीआई मधेश प्रदेश संयोजक, जनकपुरधाम

प्रत्येक वर्ष इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक एक महत्वपूर्ण दस्तावेजका रूपमा रहँदै आएको छ। मानव अधिकार उल्लङ्घनमा संलग्न आरोपितलाई कानुनी दायरामा ल्याउन पुस्तकले महत्वपूर्ण भूमिका खेलेको छ। आगामी दिनमा समाजमा लुकेर रहेका मानव अधिकार उल्लङ्घनका घटनाहरू उजागर गरेमा सबै व्यक्तिलाई मानव अधिकारको प्रत्याभूत गर्न सहयोग पुग्नेछ।

**रबिन्द्र उप्रेती**
वरिष्ठ पत्रकार, महोत्तरी

इन्सेकले लामो समयदेखि मानव अधिकारको संरक्षण र प्रवर्द्धनको क्षेत्रमा ठूलो योगदान दिँदै आएको

छ। इन्सेकले अझ बढी गम्भीरतापूर्वक मानव अधिकार संरक्षणका लागि योगदान दिने सवाल तथा विषयवस्तु वर्ष पुस्तकमा समेट्नुपर्छ।

**हेमकुमारी बराल (सुनिता)**
कार्यवाहक अध्यक्ष, नेपाल पत्रकार महासंघ महोत्तरी

इन्सेकले मानव अधिकारका क्षेत्रमा गरेका काम प्रशंसायोग्य छन्। मानव अधिकार क्षेत्रमा भएका घटनाहरूको तथ्याङ्क सङ्कलन मात्र नभई पीडितलाई कानूनी रूपमा अघि बढ्नका लागि पनि जनचेतनामूलक कार्यक्रम गर्नुपर्छ।

**रञ्जन भण्डारी**
सचिव, मानव अधिकार रक्षक संजाल महोत्तरी

मानव अधिकार उल्लङ्घन र ज्यादतीका विषयमा सत्य तथ्य सूचना सबैले पाउने र यसले मानव अधिकारका क्षेत्रमा गर्ने भावी योजना बनाउन वर्ष पुस्तक बलियो आधार बन्दै गएको छ।

**शारदादेवी थापा**
प्रदेश सभा सदस्य, मधेस प्रदेश, सर्लाही

इन्सेकले मानव अधिकारको उल्लङ्घनका घटनाहरू अभिलेख गरेर मानव अधिकारको ऐन देखाउनु महत्वपूर्ण कार्य नेपाल मानव अधिकार वर्षपुस्तक मार्फत गरिरहेकोले यसको निरन्तरताको कामना गर्दछु। साथै स्थानीय तहमा पुगेर घटनाहरूको सत्य तथ्य बुझी प्रभावित व्यक्तिहरूलाई न्याय दिलाउँनमा इन्सेकले खेलेको भूमिकालाई पनि वर्ष पुस्तकमा राख्न आवश्यक छ।

**थानेश्वर गौतम**
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय मलङ्गवा, सर्लाही

नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत मानव अधिकार उल्लंघनका घटनाहरू सार्वजनिक गरेर हामी सरोकारवाला निकायहरूलाई घटनाहरूको न्युनिकरण कार्यका लागि ध्यानाकर्षण गरिरहेको छ। तसर्थ, इन्सेकले मानव अधिकारको क्षेत्रमा गरेको कार्य प्रभावकारी देखिएकोले मानव अधिकार घटनाहरूको अनुगमन र प्रतिवेदनले अनुसन्धान तथा न्याय प्रक्रियामा सहयोग पुग्ने हुँदा समन्वय र सहकार्य गरेर मानव अधिकार उल्लंघनका घटना न्यूनिकरण कार्यमा प्रहरी कार्यालय सदैव तत्पर रहन्छ।

**नरेश राज सवेदी**
एसपी, जिल्ला प्रहरी कार्यालय मलङ्गवा, सर्लाही

इन्सेकले मानव अधिकार सम्बन्धी घटना सङ्कलन गरी नेपाल मानव अधिकार वर्ष पुस्तक हरेक वर्ष प्रकाशन गरिरहेको छ। इन्सेकले सर्लाही जिल्लामा मानव अधिकारसम्बन्धी अभियान तथा कार्यक्रमहरू सञ्चालन गरेमा सहकार्य गर्न जिल्ला समन्वय समिति तयार छ।

**कौशलकिशोर सिंह**
प्रमुख, जिल्ला समन्वय समिति, सर्लाही

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको अवस्थाको बारेमा जानकारी गराउने एउटा महत्वपूर्ण दस्तावेजका रूपमा रहेको छ। मानव अधिकारको अवस्थासँगै पीडितको न्याय प्रक्रियामा पनि इन्सेकले कार्य गर्नुपर्ने आवश्यकता छ।

**मनोज साह**
अध्यक्ष, नेपाल बार एशोशिएसन, सर्लाही

इन्सेक मानवअधिकारको संरक्षणमा गरेको भूमिका सराहनीय छ। तीन दशकदेखि निरन्तर रूपमा प्रकाशन हुँदै आएको नेपाल मानवअधिकार वर्ष पुस्तक महत्वपूर्ण दस्तावेज हो। इन्सेकले मानव अधिकारको क्षेत्रमा जनचेतना जगाउने र पैरवी गर्ने काम गरेको छ।

**कृष्णबहादुर शाही**
प्रमुख जिल्ला अधिकारी, रौतहट

मानव अधिकार उल्लङ्घन गलत सामाजिक संस्कारको रूपमा भइरहेको पाइन्छ। धेरै घटनाहरू बाहिर आएका छैनन्। प्रहरीमा कम मात्र घटना आउँछन्। महिलामाथि हुने हिंसाका घटना रोक्न तथा कानुनी दायरमा ल्याउन नेपाल प्रहरी संवेदनशील छ।

**उमाशङ्करप्रसाद यादव**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, रौतहट

नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशनले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू उजागर गरेको छ। नेपालको मानव अधिकारको अवस्था कस्तो छ भनेर जान्न बुझ्न यो पुस्तक महत्वपूर्ण रहेको छ। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका सबैजसो घटना अभिलेख हुनुपर्छ।

**नवराज सापकोटा**
प्रमुख जिल्ला अधिकारी, बारा

जिल्ला प्रहरी कार्यालयले मानव अधिकारलाई उच्च सम्मान गर्दै कार्य सम्पादन गरिरहेको छ। मानव अधिकार उल्लङ्घनका घटना जनचेतनामूलक कार्यक्रमहरूको कमीले भइरहेका छन्। घटना अभिलेख र चेतनामूलक कार्यक्रमलाई सँग सँगै सञ्चालन गर्नुपर्छ।

**होविन्द्र बोगटी**
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, बारा

नेपाल मानव अधिकार वर्ष पुस्तक एउटा राम्रो दस्तावेज हो। पुस्तकमा समावेश हुने घटनाहरूको पुष्टि र पुर्नपुष्टिका लागि इन्सेकले आयोजना गर्ने प्रकाशन पूर्व समीक्षा गोष्ठीहरूमा कतिपय बेला प्रत्यक्ष सहभागिता रहेको छ। पुस्तकलाई विश्वसनीय बनाउन समीक्षा हुने गरेको मैले पाएको छु। जिल्लागत रूपमै पनि मानव अधिकार बहालका निम्ति के गर्नु पर्छ भन्ने प्रश्नको उत्तर खोज्न वर्ष पुस्तकले मद्दत गर्छ।

**उमेशकुमार ढकाल**
प्रमुख जिल्ला अधिकारी,पर्सा

नेपालको मानव अधिकारको क्षेत्रमा अग्रणी संस्थाको रूपमा आफ्नो उपस्थिति देखाउँदै आएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकले न्याय सम्पादनमा देखिएका समस्याहरूलाई समेत उजागर गरेर त्यसलाई समाधान गर्न राज्यलाई उत्प्रेरित गर्दै आइरहेको छ भन्ने मलाई लाग्दछ। न्याय क्षेत्रका कतिपय आवश्यकता हामीले भन्न नसक्ने तर नेपाल मानव अधिकार वर्ष पुस्तकले उल्लेख गर्ने गरेको पाएको छु। त्यसले अन्ततः न्याय सम्पादनमै सहयोग पुगेको लाग्दछ। मुद्दाहरूको बारेमा पनि इन्सेकले उल्लेख गर्दछ। कतिपय समस्याका कारण लक्ष्य अनुरूपको प्रगति हासिल हुन नसकेको हुन्छ। मानव अधिकार र सामाजिक न्यायका लागि वर्ष पुस्तकले केही न केही योगदान गरेको हुन्छ भन्ने मलाई लाग्दछ।

**अरुणकुमार कोइराला**
स्रेस्तेदार, जिल्ला अदालत, पर्सा

नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालको मानव अधिकारको अवस्थाको एउटा चित्रण हो। मानव अधिकार बहाल गराउने राज्यको पहिलो पंक्तिको निकाय नेपाल प्रहरीकालागि वर्ष पुस्तक आफ्नो कामको समीक्षा गर्ने र सही काम सम्पादन गर्न स्रोतपुस्तिका पनि हो भन्ने मलाई लाग्दछ। मानव अधिकारको बहाली नेपाल प्रहरीको परिभाषित काम नै हो। जनताको सेवा नै नेपाल प्रहरीको धर्म हो। वर्ष पुस्तकले अभिलेख गर्ने घटनाहरूका कारण हामीलाई जिम्मेवार र जवाफदेही बनाउँछ भने सिङ्गो समाजलाई पनि सामाजिक शान्ति र मानव अधिकार बहालको पक्षमा भूमिका खेल्न उत्प्रेरित गर्छ जस्तो लाग्छ।

**कोमल शाह**
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय ,पर्सा

मानव अधिकारका सवालमा हरेक कार्यक्रम जिल्ला सदरमुकाममा केन्द्रित भए, यसलाई गाउँका कुनाकाप्चासम्म लैजानु पर्छ।

**ईश्वरनारायण मानन्धर**
नगरप्रमुख, भीमेश्वर नगरपालिका, दोलखा

इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालको मानव अधिकारको अवस्था झल्काउने दस्तावेजको रूपमा विश्वभर प्रख्यात रहेको छ। यस कार्यको निरन्तरताको लागि शुभकामना दिन चाहन्छु। मानव अधिकार वर्ष पुस्तकमा जेष्ठ नागरिकका अधिकारको कोलम थप गरेमा पुस्तकको ओझ झन बढ्ने विश्वासका साथ सुझाव दिन चाहन्छु।

**भूपेन्द्र थिङ**
अध्यक्ष, नेपाल बार इकाइ, सिन्धुपाल्चोक

इन्सेकले रहेक वर्ष प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू प्रकाशित हुन्छन्। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू तथ्यपरक ढङ्गबाट विश्लेषण भएको पाइयो। यसले मानव अधिकारको उल्लङ्घनकर्तालाई नैतिक दवाव परेको महसुस भएको छ। यस्ता घटनाहरू सार्वजनिक गरेर पीडितलाई न्याय र दोषीलाई कानुनी कारबाही र घटनाहरूको न्यूनीकरण हुने विश्वास लिएको छु।

**अशोककुमार घिमिरे**
प्रमुख, जिल्ला समन्वय समिति, रसुवा

नेपालमा मानव अधिकार क्षेत्रमा स्थापित संस्था इन्सेकले प्रकाशन गरेको नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ ले मानव अधिकार उल्लङ्घनका घटनाका पीडितलाई न्याय दिलाउन, पीडकलाई दण्डित गर्न मात्र नभई आम नागरिकलाई सचेत पार्ने काम

गरेको छ। यो पुस्तकले नेपालमा मानव अधिकारको उल्लङ्घन र ज्यादतीका घटनामा न्यूनीकरण गर्न उल्लेखनीय भूमिका खेल्न सकेको छ। पुस्तक प्रकाशनले नियमितता पाओस् भन्ने शुभकामना।

**बाबुलाल तामाङ**

सभापति,नेपाल रेडक्रस तथा अध्यक्ष रसुवा नागरिक समाज

नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालको मानव अधिकारको अवस्था तथा मानव अधिकार हनन्का घटनाहरूबारे जानकारी दिन्छ। यो निकै राम्रो दस्तावेज हो। जिल्लाको मानव अधिकारको अवस्था र आगामी दिनमा गर्नुपर्ने कार्यको कार्ययोजना बनाउन मद्दत गर्दछ। त्यसैले यो पुस्तकलाई सरोकारवालासहित सबैको पहुँच योग्य बनाउनु पर्दछ। मानव अधिकार हनन् न्यूनीकरण गर्न तथा मानव अधिकारको संरक्षण प्रर्वद्धन गर्न वर्ष पुस्तकले महत्वपूर्ण भूमिका खेल्नेछ।

**नवराज जैशी**

प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, रसुवा

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ अध्ययन गरेँ। घटना विवरया यथार्थपरक पाएँ। पुस्तकले आम नागरिकलाई मानव अधिकारको सूचना प्रदान गर्छ।

**ज्ञानेन्द्रनाथ न्यौपाने**

जेष्ठ पत्रकार तथा अध्यक्ष मानव अधिकार संरक्षण मञ्च, रसुवा

देशभरका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना नेपाल मानव अधिकार वर्ष पुस्तकमा समावेश भएको छ। नेपालमा मानव अधिकारको पर्यायवाची नाम इन्सकले गरेको निकै स्वागत योग्य काम हो। पुस्तकमा प्रकाशित सामग्रीहरू जहाँ जसले पनि सन्दर्भ सामाग्रीका रूपमा प्रयोग गर्न सक्ने छन्। नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ अध्ययन गर्दा मुलुकको मानव अधिकारको अवस्था स्पष्ट हुन्छ। यो पुस्तक प्रकाशनले मानव अधिकारको उलङ्घनका घटनामा न्युन गर्न उल्लेखनिय भूमिका खेल्न सकेको छ।

**विश्वास नेपाली**

कोषाध्यक्ष, मानव अधिकार तथा सामूदायिक विकास स्रोत केन्द्र धैबु -५ रसुवा

नेपाल मानव अधिकार वर्ष पुस्तक अध्ययन गर्दा मुलुकको मानव अधिकारको अवस्था स्पष्ट हुन्छ। विभिन्न घटनाका पीडकहरू र राज्यलाई अझै जवाफदेही बनाउन गाउँगाउँमा मानव अधिकार शिक्षा सचेतना कार्यक्रम गर्न आवश्यक छ।

**दिपक लामा**

अध्यक्ष, रेडियो रसुवा १०२.१ मेगाहर्ज तथा अध्यक्ष जनजाति पत्रकार महासंघ रसुवा

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू समेटेर प्रकाशित हुने नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको तथ्याङ्कहरूको सँगालोको रूपमा छ। यो पुस्तक प्रकाशनले मानव अधिकारको उल्लङ्घन तथा ज्यादतीका घटनाहरू न्यूनीकरण गर्न उल्लेखनीय भूमिका खेलेको जस्तो लाग्छ।

**प्रवेश परियार**

मानव अधिकार सञ्जाल तथा दलित अधिकारकर्मी, रसुवा

मानव अधिकारको आधारभूत विकास गर्न कानुन न्यायको दृष्टिले सबैले आफ्नो जिम्मेवारी पूरा गरेको खण्डमा मानव अधिकारको रक्षा गर्न सहज हुनेछ। इन्सेकको अभिलेखीकरणले समाजमा मानव अधिकारको अवस्था के कस्तो छ भन्ने चित्रण गरेको देखिन्छ। सामाजिक विकृति, अपराध र मानव अधिकारको अवस्थाको बारेमा मानव अधिकार वर्ष पुस्तकले स्पष्ट पारेकोले घटना नछुटाइ प्रकाशन गर्ने वातावरण मिलाउन अनुरोध छ।

**नवराज अधिकारी**

प्रमुख, जिल्ला समन्वय समिति, धादिङ

आर्थिक सामाजिक, सांस्कृतिक अधिकारबाट वञ्चित भएका घटनाहरू मानव अधिकार वर्ष पुस्तकमा प्रकाशन गरिनु पर्छ। मानव अधिकार वर्ष पुस्तक समाजमा हुने मानव अधिकार हनन्को घटना, विषय र तथ्याङ्कको रूपमा एउटा ऐना हो। यसमा उल्लेख हुने तथ्याङ्कले सरोकारवालालाई संवेदनशील, बनाउने हुँदा महिला मानव अधिकारको घटना नछुटाइ समावेश गरियोस्।

**गायत्री खतिवडा**

अध्यक्ष, महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल बागमती प्रदेश, धादिङ

राज्यले मानव अधिकार संरक्षणसम्बन्धी विभिन्न निकायहरूबाट काम गरिरहेको भए पनि मानव अधिकारका लागि काम गर्नुपर्ने विषयहरू धेरै छन्। राज्यले पूरा गर्नुपर्ने कतिपय कुराहरू इन्सेकजस्ता नागरिक संस्थाहरूले गर्दै आएका छन्। राज्यको ध्यान नपुगेको विषयमा समेत घटनाहरू सार्वजनिक भएपछि राज्यले मानव अधिकारका लागि काम गर्ने भएकोले नेपाल मानव अधिकार वर्ष पुस्तक निरन्तर प्रकाशनका लागि अनुरोध छ।

**कुलमान विक**
उपप्रमुख, जिल्ला समन्वय समिति, धादिङ

मानव अधिकारका यावत समस्यामा इन्सेकले पैरवी गरोस्। वर्ष पुस्तक निरन्तर प्रकाशनको शुभकामना छ। नेपाल मानव अधिकार वर्ष पुस्तकलाई नेपाली क्यालेण्डर अनुसार मिलाउनु पर्छ। सुझाव इन्सेकसम्म पुगोस्।

**विश्वराज अधिकारी**
अध्यक्ष, जिल्ला अदालत बार एसोसियसन, धादिङ

नेपाल मानव अधिकार वर्ष पुस्तक महत्वपूर्ण दस्तावेज हो। नेपाल मानव अधिकार वर्ष पुस्तकले सामूहिक अधिकारकारका बारेमा उल्लेख गर्नुपर्छ। राजनीतिक घटनाक्रम मात्र नभएर आर्थिक सामाजिक र सांस्कृतिक अधिकारकाबारे पनि मानव अधिकार वर्ष पुस्तकमा उल्लेख हुनुपर्छ।

**राधिका सापकोटा**
अधिवक्ता, एवम् महिला मानव अधिकार रक्षक, धादिङ

इन्सेकको प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तकले सरकारी कार्यालयहरूलाई मानव अधिकारको अवस्था देखाएर आफ्नो काम गर्न प्रेरित गर्ने खालको रहेको छ। वर्ष पुस्तकले समेटेको विषयहरू राम्रा रहेका छन्। त्यसको तथ्याङ्क र विश्लेषण समेत रहने हुँदा पुस्तक थप खँदिलो भएको छ। मानव अधिकारको क्षेत्र फैलिँदै गएको र विकास, वातावरण, कृषि लगायतका क्षेत्रका अधिकारलाई स्थापित गराउन राज्यको स्रोतसाधान अभावले समस्या सिर्जना गरेको छ। यस्ता विषयलाई इन्सेकले उठाउन आवश्यक रहेको छ। इन्सेकको यो विवरणले समुदायस्तरमा हुने गरेको महिलामाथि हुने हिंसाका घटनाहरू कानुनी उपचारको लागि जानुपर्छ भन्ने सन्देश पनि फैलाउने छ।

**नारायणप्रसाद रिसाल**
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, नुवाकोट

मानव अधिकार हनन्को घटनालाई व्यवस्थित रूपमा सङ्कलन गरिएकोले नेपाल मानव अधिकार वर्ष पुस्तकलाई विश्वसनीय मानिएको छ। सबैखाले मानव अधिकार, महिला विरुद्ध हुने हिंसा, हत्या, अपहरण लगायत मानिसको अधिकारलाई आँच पुऱ्याउने घटनाहरूलाई व्यवस्थित रूपमा सङ्ग्रह गरिएकोले यो एउटा प्रमुख स्रोत सामाग्री समेत हो। मानव अधिकारको रक्षाको लागि राज्य पक्ष, नागरिक समाज, मानव अधिकारको क्षेत्रमा क्रियाशील संस्था तथा व्यक्तिहरू सक्रिय हुन पर्ने पनि देखाएको छ।

**कपिलदेव खनाल**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, नुवाकोट

नेपालको मानव अधिकारको क्षेत्रका काम गर्ने अग्रणी संस्था इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार हनन्का घटनाको विस्तृत जानकारी दिएको हुन्छ। यस्तो तथ्याङ्कले हामी सरकारी निकाय त्यसमा पनि पीडितको पक्षमा पैरवी गर्ने कार्यालयलाई सचेत र जागरुक बनाउँछ। यस पुस्तकले मानव अधिकार संरक्षणको लागि सदा पहरेदारीको भूमिका निर्वाह गर्न योगदान दिनेछ भन्ने मलाई लागेको छ।

**टेकराज भुसाल**
जिल्ला न्यायाधिवक्ता, सरकारी वकिलको कार्यालय, नुवाकोट

मानव अधिकारको क्षेत्रमा इन्सेकले गर्दै आएको कार्य प्रशंसनीय छ। मानव अधिकारको रक्षाका लागि आवाज बुलुन्द पार्दै आएको इन्सेकको वर्ष पुस्तक आफैँमा पनि मानव अधिकार क्षेत्रमा एउटा सिङ्गो दस्तावेज हो। यसले सिङ्गो राज्य पक्षलाई देशको मानव अधिकारको अवस्था बारेमा जानकारी गराउँदै सरकारको नीति निर्माणमा टेवा पुऱ्याउने भूमिका निर्वाह गरेको छ।

**रुद्रादेवी शर्मा**
प्रमुख, जिल्ला अधिकारी, भक्तपुर

नेपाल मानव अधिकार वर्ष पुस्तकले न्याय क्षेत्रका लागि प्रभावकारी दस्तावेजका साथै न्यापालिकाबाट हुने न्याय सम्पादनको क्षेत्रको अवस्थालाई यसले चित्रण गरेको छ। मानव अधिकारको अवस्था, न्याय सम्पादनको अवस्थालाई यथार्थ रूपमा

प्रस्तुत गर्ने भएकाले यो एउटा सूचनाको भण्डारको रूपमा लिन सकिन्छ।

**किरण थापा**

प्रदेश सभा सदस्य, बागमती प्रदेश

इन्सेकले नेपाल सरकारले गर्नु पर्ने अभिलेखीकरणको काम गरिरहेको छ। मानव अधिकारको विषयमा अध्ययन वा अनुसन्धान गर्नु पर्‍यो भने इन्सेकमा जति दस्तावेज अरूसँग छैन। इन्सेकको मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको एउटा ऐतिहासिक दस्ताबेज हो। यसको लागि इन्सेक धन्यवादको पात्र छ।

**राजकुमार थिङ**

डिएसपी, जिल्ला प्रहरी कार्यालय रामेछाप

इन्सेकको मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारका अन्य विषयलाई राम्रोसँग समेटेको छ। अहिले सबै भन्दा बढी सरोकारको विषय भएर पनि ओझेलमा परेको विषय ज्येष्ठ नागरिकको अधिकारको विषय हो। यो विषयलाई सबैले उठाउनु पर्छ। अझ इन्सेकले बढी उठाउन जरुरी छ। यसको साथै खाद्य सुरक्षाको विषयलाई पनि समावेश गर्न आवश्यक छ।

**रत्नप्रसाद कँडेल**

अध्यक्ष, गैसस महासङ्घ, रामेछाप

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ मानव अधिकार अभिलेखको महतवपूर्ण दस्तावेज हो। दण्डहीनता विरुद्ध तथा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाका पीडकलाई कानुनी कठघरामा उभ्याउन वर्ष पुस्तकले मद्धत गर्न सक्छ।

**कृष्णहरि घिमिरे**

सभापति, नेपाल पत्रकार महासङ्घ, सिन्धुली

२०७४ सालमा तीन तह सरकारको निर्वाचन भई देशमा बहुमत प्राप्त सरकार गठन पछि राजनीतिक स्थायित्वतर्फ देश गएको थियो। तर दुई तिहाई नजिक भएको सङ्घीय संसद यस बीच बीचमा दुई दुई पटक विघटन भएको हो। सर्वोच्च अदालतबाट पुर्नस्थापित भएको संसदले गठबन्धनको सरकार निर्माण गरेपनि संसद बैठक बस्न र नियमित आफ्नो काम पुरा गर्न सकेन। ६ ओटा प्रदेशस्तरका सरकारहरू फेरिए। यसले नेपालको राजनितिमा कायम रहेको अस्थिरतालाई थप मलजल गरेको पाइयो। न्यायपालिका, कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिका बीचको शक्ति सन्तुलन धरमराएको हामीमाझ छर्लङ्ग भएको छ। नेपाल मानव अधिकार वर्ष पुस्तक सन् २०२२ मा प्रकाशित भएको घटनाहरूले ग्रामीण क्षेत्रका जनताहमाझ सूचना सन्देश प्रवाह गरेको पाएको छु।

**दिनेश अधिकारी**

प्रमुख, दुधौली नगरपालिका, सिन्धुली

नेपालमा दस वर्ष लामो सशस्त्र द्वन्द्व, सङ्कटकाल तथा कोरोना महामारीको कठिन परिस्थितिमा समेत नेपाल मानव अधिकार वर्ष पुस्तक निरन्तर रूपमा प्रकाशित गर्न इन्सेक सफल भएकोमा धन्यवाद दिन चाहन्छु। यस कठिन परिस्थितिमा हरेक वर्ष इन्सेकले मानव अधिकार उल्लङ्घनका घटनासम्बन्धी उजागर गरी वर्ष पुस्तकमा प्रकाशित गर्न सफल भएकोमा इन्सेक संस्थालाई धन्यवाद दिन चाहन्छु।

**उपेन्द्रकुमार पोखरेल**

नगरप्रमुख, कमलामाइ नगरपालिका, सिन्धुली

नेपाल मानव अधिकार वर्ष पुस्तक सन् २०२२ ले सन् २०२१ र त्यसअघिका अनुभवको निरन्तरताका आधारमा मानव अधिकार समग्र स्थिति मूल्याङ्कनको आधारमा घटेका घटनाहरू सार्वजनिक गरेको छ। यसले मानव अधिकारको अवस्था झल्किएको छ।

**विमर्श मोक्तान**

अध्यक्ष, मरिण गाउँपालिका, सिन्धुली

महिला, बालबालिका तथा सीमान्तकृत समुदायमाथिको लैङ्गिक विभेद तथा महिला हिंसाका घटनाका विभिन्न स्वरुपहरू दिनहुँजसो सञ्चार माध्यममा सार्वजनिक भइरहेका छन्। यस्ता घटनामा संलग्न दोषीलाई कानुनी दायरामा ल्याई कानुनी कारबाही गर्न आवश्यक रहेको छ। हाम्रो समाजमा गरिबी चेतनाको अभावका कारण घटनामा कमी आउन नसकेको वर्षपुस्तकमा अभिलेख भएका घटनाहरूले प्रष्ट पारेको छ।

**विमला माझी**

उपाध्यक्ष, मरिण गाउँपालिका, सिन्धुली

इन्सेकले विगत सन् १९९२ साल देखि नेपालमा मानव अधिकार वर्ष पुस्तकको ३० औं अङ्क प्रकाशित गरी पाठक वर्ग समक्ष पुर्‍याइरहेको छ। प्रकाशन भइरहेको मानव अधिकार वर्ष पुस्तकले

मुलुकमा भएका राजनीतिक परिवर्तन त्यसक्रममा देखिएका उतार चढाव तथा महत्वपूर्ण घटनाक्रमलाई समेट्ने गरेको पाइन्छ। राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरबाट समेत नेपालको मानव अधिकारको अवस्था विश्लेषणका लागि मानव अधिकारवर्ष पुस्तकलाई दस्तावेजको रूपमा हेर्ने गरिन्छ। मानव अधिकारको समग्र स्थितिको मूल्याङ्कन गरी अभिलेख राख्नुका साथै ती घटनाक्रम सूचनाले नागरिकको अधिकार, मर्यादा र स्वतन्त्रताको रक्षाका लागि नागरिक समाज र राज्यका विभिन्न निकाय तथा सरकारका विभिन्न तह समक्ष सचेत पहल थाल्नु जरूरी छ।

**रुद्रबहादुर खड्का**
प्रधान सम्पादक, स्वाधीन खबरपत्रिका, सिन्धुली

इन्सेकले बर्सेनी जिल्लागतरूपमा मानव अधिकारको क्षेत्रमा भएका घटनाहरू सङ्कलन गरेर वर्ष पुस्तक तयार गर्नु सुखद् पक्ष हो। सञ्चार माध्यममा समेत आउन नसकेको घटना वर्ष पुस्तकमा प्रकाशन हुने गरेकाले पुस्तकको विश्वासनीयता बढेको छ।

**ध्रुव प्रसाद चौलागाई**
अभिवक्ता/पूर्व अध्यक्ष पुनरावेदन अदालत बार एशोसिएसन, हेटौंडा

नेपाल मानव अधिकार वर्ष पुस्तक निरन्तर प्रकाशन भएकोमा खुशी लागेको छ। इन्सेकले विगतका वर्ष भन्दा अझ बढी सत्य र तथ्यका आधारमा वर्ष पुस्तक प्रकाशन गर्ने प्रयास गरेको छ। घटनाका विषयमा कुनै पनि पूर्वाग्रह नराखी निष्पक्ष कार्य सम्पादन गरी नागरिकलाई सही सूचना प्रवाह हुने मैले आशा लिएको छु।

**बामदेव गौतम**
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय मकवानपुर

मानव अधिकार जस्तो गहन, व्यापक र संवेदनशील विषयमा इन्सेकले लामो समयदेखि काम गर्दै आएको छ। सरकारी र गैरसरकारी सबै वर्ग क्षेत्रको सरोकारका विषयका रूपमा मानव अधिकार रहेको हुन्छ। वर्ष पुस्तकमार्फत यथार्थ विवरण आउँदा नीति निर्माणमा सहयोग पुग्छ।

**प्रताप विष्ट**
वरिष्ठ पत्रकार, मकवानपुर

इन्सेकले हरेक वर्ष नेपालको मानव अधिकारको अवस्थाको बारेमा एउटा संग्रहयोग्य दस्तावेज पुस्तकको रूपमा प्रकाशन गर्दै आएको छ। कतिपय जिल्लामा प्रशासकको रूपमा काम गर्दा इन्सेकका प्रतिनिधिहरूसँग मिलेर काम गरेको अनुभव पनि छ। इन्सेकले अभिलेख गर्ने मानव अधिकारसम्बन्धी घटनाले राज्यलाई घचघच्याउने गर्दछ। मानवको सम्मानपूर्वक बाँच्न पाउने वातावरण निर्माणका लागि राज्य र त्यसका संयन्त्रहरूलाई मार्गदर्शन गर्न पुस्तकले राम्रो भूमिका खेलेको ठान्दछु।

**राजेन्द्रदेव पाण्डे**
प्रमुख जिल्ला अधिकारी, मकवानपुर

विगत तीन दशकदेखि नेपाल मानव अधिकार वर्ष पुस्तक निरन्तर प्रकाशन भइरहेको छ। यसले मानव अधिकार उल्लङ्घनकर्ता र राज्यलाई जिम्मेवार बनाउन र मानव अधिकार सूचनामा महत्वपूर्ण भूमिका खेलेको छ। नेपालको संविधानले व्यवस्था गरेको मानव अधिकारप्रति स्थानीय सरकारले गर्नुपर्ने काममा जिल्ला समन्वय समितिले समन्वयकारी भूमिका खेल्नेछ।

**ललित घलान, प्रमुख**
जिल्ला समन्वय समिति मकवानपुर

इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तक मानव अधिकारका बारेमा जान्न चाहाने सबैको लागि उपयोगी हुन्छ। देशरभर भएका मानव अधिकार हनन्का घटनाहरूको बारेमा वर्ष पुस्तकमा यथार्थ विवरण प्रस्तुत हुने हुँदा यसले कानुन व्यवसायीलाई पनि फाइदा पुग्छ। अदालतले मुद्दाको फैसलामा ढिलाइ गर्दा कतिपय व्यक्ति बिनाकारण लामो समयसम्म कारागारमा बस्नुपरेको छ। यी विषयलाई पनि वर्ष पुस्तकमा समावेश गर्नुपर्छ।

**अप्सरा बस्नेत**,
अध्यक्ष, मकवानपुर जिल्ला अदालत बार एशोसिएसन

न्यायमा पहुँच नभएका निमुखा, गरिब र असहायहरूको न्याय प्रवर्द्धनका लागि सरकारका निकायले गरिरहेका प्रयासलाई सघाउन नेपाल मानव अधिकार वर्ष पुस्तकले राम्रो काम गरेको छ। सदरमुकाम र सुविधायुक्त ठाउँका सेवाग्राहीहरूले न्यायिक निकायमा जाने अनि तिनै घटनाहरूको मात्र जानकारी आउने गरेको अवस्थामा कुनाकन्दरामा भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूलाई पनि वर्ष पुस्तकमा समावेश गर्ने संयन्त्रको विकास गर्नु जरूरी छ।

**मीना लामा**, मेयर
हेटौँडा उपमहानगरपालिका

मानव अधिकार वर्ष पुस्तक मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई उजागर गर्ने कार्यमा उत्कृष्ट रहँदै आएको छ। आउँदा वर्षहरूमा अझै समयानुकुल परिमार्जित एवम् परिष्कृत हुँदै जाओस् भन्ने सुभेच्छा व्यक्त गर्दछु।

**लिलाराज लामिछाने**
डिएसपी, जिल्ला प्रहरी कार्यालय गोरखा

इन्सेकले हरेक वर्ष प्रकाश गर्ने मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा निकै महत्वपूर्ण दस्तावेज भएको महसुस भएको छ। प्रकाशनमा उल्लेख गर्ने घटनाको प्रमाणसहित वस्तुनिष्ट विश्लेषण गरी प्रकाशन गर्दा स्वीकार्य हुने एवम् भविष्यमा इतिहासको रूपमा रहने समेत देखिन्छ।

**चित्राङ्गत बराल**
सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, गोरखा

मानव अधिकार वर्ष पुस्तक मानव अधिकार अभिलेखका हिसाबले एउटा इतिहास हो। यसले मानव अधिकार उल्लङ्घनका घटना न्यूनीकरणमा सघाउ पुग्नेमात्र होइन देशको मानव अधिकार अवस्था कस्तो छ भन्ने कुराको पनि अवगत गराएको छ। समय अनुसार मानव अधिकार उल्लङ्घनका घटनाहरू पनि परिवर्तन भइरहेको अवस्थामा यस पुस्तकलाई पनि सोही अनुसार परिमार्जित र परिस्कृत गर्न इन्सेकले ध्यान दिओस्।

**विकास मरहट्टा**, सचिव
नेपाल पत्रकार महासङ्घ गोरखा शाखा

मानव अधिकार वर्ष पुस्तक मानव अधिकार उल्लङ्घन घटना अभिलेखकरणको हिसाबले सन्दर्भिक र उपयुक्त छ। पुस्तकले मानव अधिकारको उल्लङ्घन घटना उजागर गरी न्यूनीकरणका लागि पनि सहयोग पुऱ्याएको छ। जिल्लाको मानव अधिकारको अवस्था थाहा पाउन पुस्तकले महत्वपूर्ण भूमिका खेलेको छ।

**मोहनबहादुर थापा मगर**
प्रमुख, जिल्ला समन्वय समिति, कास्की

इन्सेकले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनालाई समेटेर मानव अधिकार वर्षपुस्तक प्रकाशन गर्दै आइरहेको छ। वर्षपुस्तकको माध्यमबाट नेपालको मानव अधिकार क्षेत्रसँग सम्बन्धित विभिन्न विषयहरू, विद्यमान चुनौतीहरू र सम्भावनाहरू एवम् आगामी दिनमा गर्नुपर्ने सुधारका विषयहरू उजागर हुनेछ भन्ने विश्वास लिएको छु। मानव अधिकार, सामाजिक न्याय, समानता समावेशिताको लागी विगत लामो समयदेखि इन्सेकले क्रियाशिल तथा अग्रणी भूमिका खेलेको कुरा सराहनीय छ। मानव अधिकार उल्लङ्घन घटनाहरूको सङ्कलन, अधावधिक तथा पुर्नपुष्टि गरेर यस वर्षपुस्तकमा समावेश गरिने भएकोले यस वर्ष पुस्तकको महत्त्व निकै रहेको छ। यस वर्षपस्तकमा मानव अधिकार संरक्षण एवम् प्रवर्धन गर्नुपर्ने कर्तव्य भएका अधिकारी तथा सरोकारवालाहरूलाई आफ्नो कार्यप्रति समीक्षा र मुल्याङ्कन गरी कर्तव्य निर्वाह गर्न सहज, सचेत र क्रियाशील हुनुमा दबाब सिर्जना गरेको छ।

**अजय केसी**
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, कास्की

मानव अधिकार वर्षपुस्तक खास विषय सन्दर्भमा विशेष अध्ययन, मानव अधिकारका हरेक क्षेत्रमा आवधिक अध्ययन, तथ्याङ्क सङ्कलन र वार्षिक रूपमा प्रकाशनको माध्यमबाट यसले राज्य (सरकार) लाई आवश्यक तथ्याङ्कहरू उपलब्ध गराइ आएको छ । सरकारको ध्यानाकर्षण गरिआएको छ। मानव अधिकार उल्लङ्घनकर्ताहरूलाई आत्मसमीक्षा गर्न बाध्य हुने ऐनाका रूपमा आफूलाई स्थापित पनि गर्दै आएको छ। सूचना प्रविधिको भरपूर प्रयोगसँगै मानव अधिकार उल्लङ्घन घटनाहरूमा न्याय प्राप्ति र प्रदानको कर्मक्षेत्रको सहजता अझ बढी प्रभावकारी र फलदायी बन्न सकोस् भन्ने शुभेच्छा गर्न चाहन्छु।

**डिल्लीराज आचार्य**, मुख्य न्यायाधीश
उच्च अदालत पोखरा

मानव अधिकारका क्षेत्रमा इन्सेकले गर्दै आएको कार्यको प्रशंसा गर्दछु। विशेष गरी महिला अधिकार, बाल अधिकार लगायत समग्र मानव अधिकार विषयक सामग्रीहरू प्रष्ट रूपमा तथ्याङ्क सहित उल्लेख गरी प्रकाशन हुने मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार संरक्षण तथा संवर्द्धनमा टेवा पुग्ने कुरामा विश्वस्त छु।

**शिवप्रसाद खनाल**
जिल्ला न्यायाधीश, जिल्ला अदालत, लमजुङ

मानव अधिकारको संरक्षण संवर्द्धन गर्ने प्रहरीको कर्तव्य हो। मानव अधिकार रक्षाका लागि

प्रहरीले नियमित कार्य गरी रहेकोले लमजुङ जिल्लामा गत वर्षको तुलनामा अपराधिक घटनाहरूको सङ्ख्यामा कमी आएको देखिन्छ। यस जिल्लामा आत्महत्या, बालविवाह, यौन हिंसा जस्ता घटना समान्यतया भई रहेता पनि प्रहरीले त्यस्ता अपराधको अनुसन्धान तथा नियन्त्रणमा प्रभावकारी भूमिका निर्वाह गरिरहेको छ। राज्य पक्षबाट हुनसक्ने मानव अधिकारको उल्लङ्घनलाई रोक्नका लागि यस कार्यालय सदैव सचेत रहेको छ।

**प्रकाश श्रीमल,**

प्रहरी नायब उपरीक्षक , जिल्ला प्रहरी कार्यालय, लमजुङ

इन्सेकले हरेक वर्ष पुस्तक प्रकाशन गर्ने गरेको छ म यस कार्यको प्रशंसा गर्दछु। वर्षभर के कस्ता मानव अधिकारसँग जोडिएका घटनाहरू भए भनेर नागरिक सामु पु¥याउनु प्रशंसनीय कार्य हो। इन्सेकले दोषीलाई कानुनको दायरामा ल्याउन र निर्दोषले दुःख झमेला व्यहोर्ने कार्य न्यूनीकरण गर्न अझ सशक्त भूमिका खेलोस् र वर्ष पुस्तक प्रकाशनले पनि निरन्तरता पाइरहोस् शुभकामना छ।

**गुमानसिंह अर्याल**

नगर प्रमुख, बेसीशहर नगरपालिका, लमजुङ

मानव अधिकारसँग सम्बन्धित मुलुकभरका घटनाक्रम र विषयवस्तु समेटेर इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको छ। औपचारिक रूपमा एक थान पुस्तक मात्रै नभई समयको एउटा खण्ड वा बेलाबखत र घटनाक्रमको महत्वपूर्ण दस्तावेज पनि हो। जुन दस्तावेजका माध्यमबाट विगतलाई वर्तमानमा र वर्तमानलाई भविष्यमा पढ्ने, बुझ्ने र जान्ने अवसर मिल्छ। जिल्लागत रूपमा मानव अधिकारसँग सम्बन्धित विवरण तयार गरेर सबै जिल्लाहरूको अवस्था जान्ने अवसर समेत वर्षपुस्तकले प्रदान गरेको छ। वर्ष पुस्तकमा प्रकाशित घटना वा तथ्याङ्कहरू हामी स्वयम् सञ्चारकर्मीलाई लेख वा समाचार लेख्न वा विगतमा लेखेका मानव अधिकारसँग सम्बन्धित लेख र समाचारको अनुगमन गर्नसमेत सहयोगी बन्ने गरेको छ।

**किसान संगीत नेपाली**

पूर्वकेन्द्रीय सदस्य, नेपाल पत्रकार महासङ्घ

मानव अधिकार वर्ष पुस्तकले वर्षभरको मानव अधिकार अवस्थाका बारेमा सुसूचित हुने अवसर प्रदान गर्दै आएको छ। मानव अधिकारको संरक्षणमा यस पुस्तकको योगदान महत्वपूर्ण रहेको छ। मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घन घटना मात्र नभई नागरिकका दायित्व तथा नागरिक शिक्षाका बारेमा समेत समावेश गर्न सकेमा मानव अधिकार संरक्षण र संवर्द्धनमा थप बल पुग्ने देखिन्छ।

**विश्वप्रकाश अर्याल**

प्रमुख जिल्ला अधिकारी, तनहुँ

जिल्लाको मानव अधिकार अवस्थाबारे जान्न मानव अधिकार वर्षपुस्तक सहयोगी हुने गरेको छ। मानव अधिकार हनन्का घटनाबारे वर्ष पुस्तकमा समावेश सामग्रीहरूले दण्डहीनताको अन्त्य गर्न, पीडितलाई न्याय दिलाउन र पीडकलाई कारबाहीका लागि दवाव सृजना गर्न महत्वपूर्ण हुँदै आएको छ।

**राजेश्वर ढकाल**

सचिव, नेकपा एमाले, तनहुँ

इन्सेकले नियमित रूपमा प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तकले देशको मानव अधिकारको अवस्थाको बारेमा जान्न र बुझ्न खोज्नेहरूलाई महत्वपूर्ण सहयोग गर्दै आइरहेको छ। यो पुस्तक मानव अधिकारको महत्वपूर्ण दस्तावेज हो। मानव अधिकार हनन्का घटना कसैले नचाहेर हुने हुँदा कसैले पनि यसप्रति पूर्वाग्रह राख्न हुँदैन। राज्यको नीतिमा विभेद भएको हुँदा त्यो विभेद हटाउन सबैले पहल गर्नु पर्छ। इन्सेकले शान्ति प्रक्रिया र द्वन्द्व व्यवस्थापनमा महत्वपुर्ण भूमिका खेलेको हुँदा इन्सेकको प्रतिवेदन र मानव अधिकार वर्ष पुस्तकप्रति नेपाली कांग्रेस पुर्णरूपमा विश्वस्त रहन्छ।

**लक्ष्मीभक्त खनाल**

सचिव, नेपाली कांग्रेस, तनहुँ

मानव अधिकार वर्ष पुस्तकमा राजनीतिक पूर्वाग्रह हुनु हुँदैन। वैदेशिक रोजगारीको कारण तथा सामाजिक सञ्जालको दुरूपयोगको कारण पनि यौनजन्य हिंसामा वृद्धि भएको हुँदा त्यसतर्फ नीति निर्माताहरूको ध्यानाकर्षण हुनु पर्छ । मानव अधिकार वर्ष पुस्तकमा त्यसबारेमा पनि तथ्याङ्क समावेश भएमा राम्रो हुने थियो।

**रामहरि बजगाई**

जिल्ला सचिवालय सदस्य, नेकपा (माओवादी केन्द्र), तनहुँ

नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालमा मानव अधिकार संरक्षणको सवालमा महत्वपूर्ण योगदान गरेको छ। संविधानमा उल्लेख भएका मौलिक हकको कार्यान्वयनको बारेमा पनि मानव अधिकार वर्ष पुस्तकमा उल्लेख हुनु पर्छ। महिला, बालबालिका, दलित र अल्पसंख्यकहरू बढी पीडित भएको हुँदा किन यस्तो भइरहेको छ भन्ने बारेमा अध्ययन गरिनु पर्छ।

**श्रीराम कार्की**

अध्यक्ष, नेकपा एकीकृत समाजवादी, तनहुँ

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटनामा पीडितको सङ्ख्यामा एकीन गर्न, पीडितलाई न्याय दिलाउन, आमनागरिकलाई मानव अधिकार प्रति सचेत, सजग र जागरुक बनाउन तथा मानव अधिकारकर्मी एवम् मानव अधिकार हनन् गर्नसक्ने निकायलाई मानव अधिकार संरक्षण गर्न समेत प्रेरित गरी लोककल्याणकारी राज्य व्यवस्था स्थापना गर्न मार्गदर्शन गर्नेछ। मानव अधिकारको घटना राज्यसँग सम्बन्धित हुने भएकोले प्रहरीले मानव अधिकार हनन्का घटनामा शुन्य सहनशीलताको नीति लिएको छ।

**युवराज खड्का**

डिएसपी, जिल्ला प्रहरी कार्यालय, तनहुँ

देशरभर भएका मानव अधिकार हननका घटनाहरूको बारेमा मानव अधिकार वर्ष पुस्तकमा यथार्थ विवतरण प्रस्तुत हुनेहुँदा यसले पत्रकारहरूलाई समाचार सङ्कलन र लेखनको क्रममा सहयोग पुगेको छ। अव इन्सेकले मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्ने मात्र हैन, मानव अधिकार हननका घटनाहरूमा कमी ल्याउन सचेतनाको कार्यक्रम सञ्चालन गर्नु पर्छ। मानव अधिकार वर्ष पुस्तक २०२३ को प्रकाशनको सफलताको शुभकामना व्यक्त गर्दछु।

**उज्वल पौडेल**

अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, तनहुँ

मानव अधिकार वर्ष पुस्तकले देशको मानव अधिकारको अवस्थाको विश्लेषण गर्न सहयोग पुगेको छ। मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकारका अन्य विषयमा झैं मौलिक हकमा रहेको शिक्षा, स्वास्थ्य र खाद्यका विषयलाई पनि समावेश गर्न सके राम्रो हुने थियो। अदालतमा विचाराधीन मुद्दाको विषयमा मानव अधिकार वर्ष पुस्तकमा राख्न हुँदैन।

**सरिता थापा भण्डारी**

अधिवक्ता, संयोजक, मानव अधिकार तथा जनसरोकार समिति, नेपाल बार, तनहुँ

मानिसको नैसर्गिक अधिकारको रूपमा रहेको मानव अधिकारको संरक्षण र सवर्द्धन गर्नु राज्यको दायित्व हो। इन्सेकले मानव अधिकार उल्लङ्घनका घटनाहरूको सुक्ष्म खोज तथा अनुसन्धान गरी तथ्याङ्क सहित पुस्तक प्रकाशन गर्दै आएको छ। मानव अधिकार संरक्षण र संवर्द्धन गर्न तथा सचेतना जगाउने कार्यमा वर्ष पुस्तक प्रकाशन कोशेढुङ्गा साबित हुने विश्वास लिएको छु।

**गङ्गाबहादुर क्षेत्री**

प्रमुख जिल्ला अधिकारी, स्याङ्जा

प्रत्येक वर्ष इन्सेकले प्रकाशित गर्दै आएको मानव अधिकार वर्ष पुस्तकको मानव अधिकारको क्षेत्रमा उल्लेख्य भूमिका रहेको छ। प्रकाशित विषयवस्तु सङ्ग्रहणीय, अध्ययनका विषयवस्तु बन्न सकुन्। आगामी दिनमा घटना तथ्याङ्क, सूचना जानकारी वा अतिरित्त, सचेतनामूलक कानुनी शिक्षा एवम् मानव अधिकारको संरक्षण हुने कार्यक्रममा जोड दिनुपर्छ।

**रोमाकान्त ज्ञवाली**

जिल्ला न्यायाधीश, स्याङ्जा

मानव अधिकार अपरिहार्य विषय हो। वर्षभरिका मानव अधिकारका घटनाहरूलाई तथ्यपरक ढङ्गबाट पुस्तक प्रकाशन गरी महत्वपूर्ण दस्तावेजको रूपमा स्थापित गर्ने कार्यमा इन्सेकको भूमिका उल्लेखनीय रहेको छ।

**राजिवबहादुर बस्नेत**

एसपी, जिल्ला प्रहरी कार्यालय, स्याङ्जा

मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनाहरू कम भएका छन्। यद्यपि महिलामाथि हुने घरेलु हिंसाका घटनाहरूका सम्बन्धमा प्रहरी उजुरी आइरहेका छन्। यस्ता घटनाहरूको यथार्थ विवरण सङ्कलन गरी सम्बन्धित पक्षलाई खबरदारी गर्दै आएको इन्सेकले आगामी दिनमा घटनाहरू प्रलेखिकरण गर्नेतर्फ ध्यान दिनुपर्छ।

**मधुसुदन न्यौपाने**

डिएसपी, जिल्ला प्रहरी कार्यालय, पर्वत

मानव अधिकारको संवर्द्धनका लागि राज्य तहबाट अझै चासो दिनुपर्ने देखिएको छ। राज्यका न्यायिक तथा अर्धन्यायिक निकायमा पनि विभिन्न पीडितहरूले अझै पनि सहज रूपमा सेवा लिन सकेका छैनन्। कानुनी सहायताबाट न्यायको अपेक्षा गरेका जनताहरू अझै पनि निराश भएर फर्किनुपर्ने र लामो समयसम्म न्यायका लागि पर्खिनुपर्ने अवस्थालाई इन्सेकले घचघच्याउनु जरूरी छ। मानव अधिकार वर्ष पुस्तकमा यस्ता प्रकारका घटनाहरू पनि समावेश हुनुपर्छ।

**दिलिप पौडेल**
अध्यक्ष, पर्वत बार इकाइ

राज्यपक्ष र गैर राज्यपक्षबाट भएका घटनाहरूको अतिरिक्त परिवार र समाजबाट खासगरी महिला बालबालिका एवम् पिछडिएका वर्गमाथि हुने गरेका अमानवीय घटना र व्यवहार समेत खोजमूलक ढङ्गबाट पुस्तकमा समावेश गर्नसके अझै उपयोगी हुने ठान्दछु।

**रमेश रिजाल**
अध्यक्ष, गैसस महासङ्घ पर्वत

नेपालको मानव अधिकार संरक्षणको क्षेत्रमा इन्सेकले पुऱ्याएको योगदान सम्झन योग्य छ। वर्ष पुस्तकलाई मसिनो गरी घटनाहरू खोज अनुसन्धान गर्न इन्सेकले जुन प्रयास गरेको छ यो अत्यन्तै सह्रानीय छ। वर्ष पुस्तकबाट भोलिका दिनमा पनि समग्र मानव अधिकारको अवस्थाबारे अझै जान्न पाइयोस् शुभकामना।

**राजु ढुङ्गाना**
स्रेस्तेदार, पर्वत जिल्ला अदालत

राज्यले गर्नुपर्ने काम इन्सेकले गरेको छ। देशका हरेक जिल्लामा महिला, बालबालिका, अपाङ्गता भएका, ज्येष्ठ नागरिकको अवस्था कस्तो छ, उनीहरूले अधिकार प्राप्त गर्नसके नसकेको, राज्यबाट भएका अधिकार हनन्को घटना र पीडितको अवस्था जान्न वर्ष पुस्तकले मद्दत गरेको छ।

**राजु खड्का**
उपप्रमुख, बागलुङ नगरपालिका

इन्सेकले देशको मानव अधिकारको अवस्था समय समयमा सार्वजनिक गरेर राज्यको सहयोगीको भूमिका निर्वाह गरेको छ। मानव अधिकारको संरक्षण पीडितलाई न्यायको पहुँचमा पुऱ्याउन इन्सेकले सहयोग गर्दै आएको छ।

**दयानिधि ज्ञवाली**
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, बागलुङ

इन्सेकले समाजको ऐना देखाएको छ। समाजमा दिन प्रतिदिन हत्या, हिंसा बलात्कारका घटना बढ्दो छन्। त्यसमा पनि डरलाग्दो रूपमा बालबालिकाको संलग्नता रहेको इन्सेकको तथ्याङ्कले देखाउँछ। हरेक जिल्लामा एक/एक जना प्रतिनिधि राखेर पनि इन्सेकले राज्यलाई सचेत बनाउने काम गरेको छ, तर सिंगो शक्ति र संयन्त्र भएर पनि राज्य कहाँ चुकिरहेको छ ? इन्सेकले जसरी आफ्नो जिम्मेवारी र कर्तव्य र दायित्व निर्वाह गरेको छ, यो देशका हामी सबै नागरिक जिम्मेवार कहिले बन्ने ?

**नवीन शिशिर बिक**
कार्यवाहक अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, बागलुङ

नेपाल मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घनका घटना परिघटनाहरूलाई उजागर गरी सत्य तथ्य रूपमा जनतासामु ल्याउने एउटा भरपर्दो र विश्वासिलो माध्यम बनेको हुँदा आगामी दिनहरूमा पनि यस संस्थाले आफ्नो यस पुस्तक मार्फत सम्पूर्ण मानव अधिकार उल्लङ्घनसँग सम्बन्धित घटनाहरूलाई सत्य तथ्य र यथार्थ चित्रण हुने गरी जनतासामु पस्कने कुरामा अहम भूमिका खेल्नेछ भन्ने अपेक्षा गर्दै यस पुस्तकको उत्तरोत्तर प्रगति र सफलताको कामना गर्न गर्न चाहन्छु।

**टेकमप्रसाद घर्तीमगर**
अध्यक्ष, जिल्ला बार इकाइ, रोल्पा

इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ प्रकाशन गर्न लागेको खबर पाउदा मलाई धेरै खुसी लागेको छ। रोल्पा जिल्लामा मानव अधिकारको अवस्था, मानव अधिकार उल्लंघन र ज्यादती तथा अपराधको अवस्था बारेमा तथ्यांक बिश्लेषण र अवस्था अनुगमनको आधारमा तयार पारिका प्रतिवेदनहरू मानव अधिकार संरक्षण र सम्बर्धनको पैरवी गर्ने सन्दर्भ सामग्रीको रूपमा रहने विश्वास व्यक्त गरेको छु।

**विनोद घिमिरे**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, रोल्पा

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानवका नैसर्गिक अधिकारको उल्लेख गर्नुका साथै मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाका विस्तृत विवरण समेट्ने गरेको छ। मानव अधिकार उल्लङ्घनमा संलग्न सचेत र सर्तक गराउँदै वार्षिक रूपमा जिल्लाभित्र भएका घटना बारेमा सवै सरोकारवाला निकायको उपस्थितिमा छलफल गरिने हुँदा यसप्रकारका घटना न्यूनीकरणमा सहयोग पुग्ने देखिन्छ। संविधान प्रदत्त मौलिक हक उल्लङ्घनका प्रतिनिधिमूलक घटनालाई अझ फराकिलो ढंगले उजागर गर्दै मानव अधिकार संरक्षणको असल अभ्यासलाई समेत समावेश गर्न सकेमा वर्ष पुस्तकको उपादेयता अझ बढ्ने देखिन्छ। वर्ष पुस्तकले दण्डहीनताको अन्त्य र गैर कानुनी कार्य हुन नदिन समाजमा दवाव सृजना गर्न सहयोग पुगेको छ।

**सुनिता नेपाल**
प्रमुख जिल्ला अधिकारी, प्यूठान

मानव अधिकार क्षेत्रमा स्थापित संस्था इन्सेकले प्रकाशन गरेको नेपाल मानव अधिकार वर्ष पुस्तकले पीडितलाई न्याय दिलाउन, पीडकलाई दण्डित गर्न मात्र नभई आमनागरिकलाई सचेत पार्ने काम गरेको छ। यस्तो पुस्तकले आगामि दिनमा समयानुकुल परिस्कृत गर्दै लैजानुपर्ने आवश्यकता देखिन्छ।

**नेत्रमणि आचार्य**
अध्यक्ष, गैर सरकारी महासङ्घ जिल्ला शाखा, प्यूठान

इन्सेकद्वारा प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तकले प्रतिनिधि घटनाहरूको माध्यमद्वारा देशमा समग्र मानव अधिकारको वस्तुस्थितिलाई चित्रण गरेको छ।

**सुवास खड्का**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, प्यूठान

इन्सेक अहिलेसम्म सञ्चालन गरेको अभियान र वर्ष पुस्तक समय सान्दर्भिक छ। आगामी दिनमा आर्थिक समाजिक तथा सांस्कृतिक अधिकारलाई वर्ष पुस्तकमा जिल्लाको अवस्था अभिलेख गर्नुपर्छ।

**पदम पाण्डेय**
संयोजक, नागरिक समाज, गुल्मी

इन्सेकले हरेक पटक अस्पतालको सेवा प्रवाहका विषयमा दिएको सुझाव र ध्यानाकर्षण निकै प्रभावकारी रहेको छ। सरकारी अस्पताललाई अझै विश्वसनीय बनाउन दरबन्दी अनुसारका जनशक्ति, पुर्वाधार, औषधी उपकरण र आर्थिक अवस्थामा सुधार गर्न सरकारको ध्यानाकर्षणमा इन्सेकले जोड दिनुपर्छ।

**उत्तम पच्या**
प्रमुख, जिल्ला अस्पताल तम्घास, गुल्मी

इन्सेकको प्रहरीसँगको सहकार्य र मानव अधिकारका बिषयमा प्रहरीलाई गर्ने पैरवी राम्रो छ। प्रहरी आफै पनि मानव अधिकारको रक्षक भएकाले सधै मानव अधिकारको सम्मान गर्छ। समुदायका थुप्रै अभियानमा प्रहरीलाई नागरिक र नागरिक समाजको खबरदारीसँगै साथ चाहिन्छ।

**अर्जुन रानाभाट**
एसपी, जिल्ला प्रहरी कार्यालय, गुल्मी

नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशनलाई निरन्तरता दिएकोमा खुसी लागेको छ। इन्सेक प्रतिनिधिहरूद्वारा गरिएको अध्ययन, अनुसन्धान र खोजको आधारमा यथार्थ विवर संकलन गरी प्रकाशन गरिने मानव अधिकार वर्ष पुस्तक २०२३ का लागि शुभकामना।

**महेश खनाल**
स्रेस्तेदार, जिल्ला अदालत, अर्घाखाँची

मानव अधिकार वर्ष पुस्तकले मानब अधिकार अवस्थाको चित्रण गर्दै मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको सत्यता एवम् यथार्थ उजागर गरी आम नागरिकको मौलिक हक तथा मानव अधिकारको सम्मान, संरक्षण एवम् प्रवर्धनमा सरोकारवाला निकायलाई हरपल सजग र सचेत गराई राख्न निर्बाह गरेको भूमिका सरहानीय एवम् प्रशंसनीय छ।

**मुकुन्दप्रसाद रिजाल**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, अर्घाखाँची

नेपाल मानवअधिकार वर्ष पुस्तक निकै महत्वपूर्ण छ। यो पुस्तक हेर्नासाथ समग्र देशको मानवअधिकारको अवस्था सजिलै थाहा पाउन सकिन्छ। यसका लागि इन्सेकलाई धन्यवाद दिन चाहन्छु। समग्र देशकै मानव अधिकारको अवस्था झल्काउने दस्तावेजको रूपमा मैले नेपाल मानव अधिकार वर्ष

पुस्तकलाई लिएको छु।

**टंकनाथ खनाल**
प्रमुख, जिल्ला समन्वय समिति, पाल्पा

इन्सेकले हरेक ६ महिनामा मानव अधिकार वर्ष पुस्तकको पूर्व समीक्षा कार्यक्रम मार्फत तथ्यांक प्रस्तुत गर्ने, सुझाव सल्लाह लिने र जिल्लाको मानव अधिकार अवस्थाबारे छलफल गराउने कार्यक्रम गर्दै आएको छ। यो ज्यादै महत्वपूर्ण छ। यसको नेतृत्व इन्सेकले गर्दै आए पनि यो वर्ष पुस्तक देशकै सम्पत्ति हो।

**बुद्धिप्रसाद शर्मा**
सभापति, नेपाल रेड्क्रस सोसाइटी, पाल्पा

इन्सेकले वर्ष पुस्तक प्रकाशन मार्फत नेपालको मानव अधिकार अवस्थालाई चित्रण गर्दै आएको छ। नेपाल मानव अधिकार वर्ष पुस्तकले समग्र नेपालको मानव अधिकार अवस्थाबमरे जान्ने पूर्ण पुस्तक हो। यो पुस्तक सरकारी तथा गैरसरकारी निकायको लागि नेपालको मानव अधिकार अवस्था पढ्न जान्न पाउने एक मात्र आधार हो।

**भगवान भण्डारी**
संयोजक, मानवअधिकार रक्षक सञ्जाल पाल्पा

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ पढ्ने अवसर प्राप्त भयो। इन्सेकले प्रकाशन गर्ने पुस्तकले देशभरको मानव अधिकारको अवस्था झल्काउने, पीडितलाई न्याय दिलाउन र पीडकलाई कारवाहीको दायरामा ल्याउन समेत मद्दत पुऱ्याउन दस्तावेजको रूपमा रहने यो पुस्तकले सघाउने विश्वास लिन सकिन्छ। यस पुस्तकले मानव अधिकार उल्लघंनका घटनालाई तथ्यमा आधारित भएर बाहिर ल्याउने प्रयास गरेको छ। मानव अधिकारको मूल्य, मान्यता र संस्कृतिलाई जन-जनमा पुऱ्याउन, सचेतना अभिवृद्धि गर्न यो पुस्तक सफल रहोस् भन्ने अपेक्षा सहित अब प्रकाशन हुन लागेको नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ का लागि शुभकामना व्यक्त गर्दछु।

**श्रवणकुमार पोखरेल**
प्रमुख जिल्ला अधिकारी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

मानव अधिकारका घटनाहरूलाई न्यूनीकरण गर्दै मानवअधिकारको संरक्षण र सवंर्धन गर्न इन्सेकले महत्वपूर्ण भूमिका खेलेको छ। मानव अधिकार र हिंसाका घटनाका सम्बन्धमा खोज र अनुसन्धान गरी अनुसन्धानमूलक सामग्री र तथ्याकंसमेत समावेश गरी नेपाल मानअधिकार वर्ष पुस्तकले प्रकाशनको निरन्तरता पाइरहोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

**षडानन्द तिवारी**
जिल्ला न्यायाधीश, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

नेपाल मानवअधिकार वर्षपुस्तकमा प्रकाशित घटना विवरणले समग्र मानव अधिकारको यथार्थ चित्रलाई प्रकटीकरण गर्ने गरेको छ। यसवर्ष पनि यसको निरन्तरताका लागि बधाई तथा शुभकामना व्यक्त गर्दै मानवअधिकारको रक्षाका लागि इन्सेकको अझ सशक्त भूमिकाको अपेक्षा गरेको छु।

**कृष्णचन्द्र पाण्डे**
जिल्ला न्यायाधिवक्ता, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

नेपालको लोकतान्त्रिक आन्दोलनलाई सार्थक बनाउन र यसको संस्थागत विकासमा अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकको महत्वपूर्ण भूमिका रहेको छ। इन्सेक अभियान मानव अधिकारको रक्षा र सवर्द्धनका लागि मात्र क्रियाशिल नभई सुशासन, लोकतान्त्रिक आचरण र व्यवहार समाजमा स्थापित गर्न क्रियाशील रहँदै आएको छ। मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटनाको अभिलेखिकरण गर्ने र ती अभिलेख सार्वजनिक हुने हुँदा जिम्मेवार तहमा बसेका व्यक्तिहरूका क्रियाकलाप जिम्मेवार गराउन र कमजोरी सुधार गर्न बल पुऱ्याउँदै आएको छ। वर्ष पुस्तकलाई अझै परिमार्जन र परिस्कृत गर्न आवश्यक छ। वर्ष पुस्तकमा भएका घटना र त्यसपछिको अवस्थाका बारेमा पनि मिहिन विश्लेषण हुन सक्यो भने आम नागरिकले पाउने सूचना फराकिलो हुनसक्छ। सूचनाको दायरा फराकिलो हुँदा नागरिकको बुझाइको दायरा पनि फराकिलो बन्दै जान्छ।

**तेजेन्द्र केसी**
अध्यक्ष, नेकपा एमाले, रुपन्देही

इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको अवस्थालाई तथ्याङ्कमा आधारित रहेर उजागर

गरिआएको छ। मुलुकको मानव अधिकारको स्थिति चित्रण गरी विधिको शासन र मानव अधिकारको सम्मानयुक्त सुसंस्कृत नेपालको निर्माणमा यसबाट सकारात्मक योगदान पुग्ने मेरो विश्वास छ। यस प्रकाशनको निरन्तरताका लागि मेरो हार्दिक शुभकामना छ।

**सोमनाथ सुवेदी**

उपसचिव, राष्ट्रिय मानव अधिकार आयोग, लुम्बिनी प्रदेश कार्यालय, बुटवल

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ प्रकाशन हुन लागेकोमा अत्यन्तै खुसी लागेको छ। यसले विभिन्न क्षेत्रमा भएका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाको तथ्य उजागर गर्दै मानव अधिकारको सम्मान,संवर्द्धन एवम् प्रवर्द्धन गर्न निभाएको भूमिकाको प्रशंसा गर्दछु।

**रविन्द्र रेग्मी**

एसपी, जिल्ला प्रहरी कार्यालय,रुपन्देही

इन्सेकले विगतका वर्षहरूमा जस्तै यो वर्ष पनि नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्न लागेको थाहा पाउँदा निकै खुसी लागेको छ। नेपाल मानव अधिकार वर्ष पुस्तकबारे राजनीतिक दलका धारणा समेट्नु आफैमा प्रशंसनीय छ। लामो समयदेखि मानव अधिकारको क्षेत्रमा क्रियाशील इन्सेकले मानव अधिकार उल्लङघन, ज्यादती र मानव अधिकार हननका पीडितका क्षेत्रमा सराहनीय कार्य गर्दै आएको छ। यी र यस्ता घटना विवरण सङ्कलन गरी तथ्यपरक रूपमा पुस्तक प्रकाशन गरी अभिलेखीकरण गर्ने इन्सेकको कार्य प्रशंसनीय छ। मानव अधिकार विषयमा अध्ययन, अनुसन्धान गर्नेहरूका लागि यो पुस्तक अत्यन्तै उपयोगी सावित भएको छ।

**रामकृष्ण खाण**

सभापति, नेपाली कांग्रेस जिल्ला कार्यसमिति, रुपन्देही

नेपालमा धेरै लामो समयदेखि मानवअधिकारको संरक्षण, प्रवर्द्धन र अभिलेखिकरणको क्षेत्रमा अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक नेपालले संस्थागत रूपमा कार्य गर्दे आएको र यसले मानवअधिकारको संरक्षणमा महत्वपूर्ण भूमिका खेलेको कुरामा कुनै शङ्का छैन। इन्सेकले देशको समग्र मानव अधिकारको अवस्थालाई नागरिकसम्म पुऱ्याउनका लागि र राज्यलाई मानव अधिकारको परिपालनाका लागि घचघच्याउने कार्य गर्दै आएको छ। विगत लामो समयदेखि प्रकाशन हुँदै आएको पुस्तकले समग्र देशको मानव अधिकारको अवस्थाको चित्रण गरेकाले पुस्तक पढ्न र जान्न पाउनु निकै गर्वको कुरा हो।

**निर्मल जि.सी**.

संयोजक, नेकपा (माओवादी केन्द्र), रुपन्देही

मानव अधिकारको संरक्षण र प्रवर्द्धनको क्षेत्रलाई सम्बोधन गर्ने गरी संविधान तथा कानुनमा मानव अधिकारका विषयलाई समेत इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ प्रकाशन हुन लागेको थाहा पाउँदा खुशी लागेको छ। नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ ले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको प्राथमिक सूचना अभिलेख गर्ने सम्बन्धमा लुम्बिनी प्रदेश मात्र नभएर देशका ७७ वटै जिल्लाका मानिसहरूका लागि अत्यन्तै महत्वपूर्ण स्रोत पुस्तिकाको रूपमा भूमिका निर्वाह गर्नेछ भन्ने आशा एवं अपेक्षा लिएको छु। मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनाहरूलाई जस्ताको त्यस्तै बाहिर ल्याई पीडितलाई न्याय दिलाउने बलियो दस्तावेज बन्ने आशा एवं विश्वास गर्दछु।

**भरतमणि पाण्डे**

प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, रुपन्देही

मानव अधिकारको क्षेत्रमा इन्सेकले विगत लामो समयदेखि अहम् भूमिका खेलिरहेको छ। मानव अधिकारले मानव समुदायका सम्पूर्ण, तह तप्काका पक्षलाई समेटने भएकाले यो बिषय मानव जातिका मानवतासँग जोडिएको हुन्छ। वर्षपुस्तकमा आगामी दिनमा हिरासत कक्ष (थुनुवा) र कारागारमा रहनु भएका महिला, बालबालिका, ज्येष्ठ नागरिकको छुट्टै मानव अधिकारसम्बन्धमा खोजमुलक सामग्री प्रकाशन गर्नुपर्छ।

**प्रकाश मरासिनी**

जिल्ला न्यायधिवक्ता, कपिलवस्तु

मानव अधिकारको संरक्षणमा इन्सेकको महत्वपूर्ण योगदान रहेको छ। आगामी दिनमा समेत मानव अधिकारको संरक्षण गर्ने कार्यमा इन्सेकको भूमिका थप उदाहरणीय रहने कुरामा विश्वस्त रहन चाहन्छु। मानव अधिकार सम्पूर्ण मानव जातिको नैसर्गिक अधिकार हो। अधिकारलाई सुनिश्चित गर्ने

प्रवृत्तिको विकासमा समेत इन्सेकद्वारा थप योगदान दिन सके मानव अधिकार सुनिश्चितता हुनसक्ने कुरामा बिश्वास व्यक्त गर्न चाहन्छु।

**प्रेमबहादुर बस्नेत**

एसपी, जिल्ला प्रहरी कार्यालय कपिलवस्तु

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको क्षेत्रमा यथार्थ अवस्था उजागर गर्ने महत्वपूर्ण दस्तावेज बन्नेछ। पीडितलाई न्याय दिलाई आरोपितलाई दण्डित गर्न एवं मानव अधिकारको रक्षार्थ आवाज बुलन्द गर्दै कानुनी राज्यको पक्षमा स्वतन्त्र र निष्पक्ष ढङ्गल कार्य गरोस्। शुभकामना।

**सुमन पाण्डे**

स्रेस्तेदार, उपसचिव, जिल्ला अदालत, कपिलवस्तु

मानव अधिकारको सुनिश्चितता गर्न सबैपक्षबाट जिम्मेवारी बोध हुन आवश्यक छ र सबैको साथ सहमति र प्रयासबाट अपराधजन्य घटनाहरू बालविवाह, हत्या, बलात्कार, सामाजिक विभेद, विकृति लगायतका घटनाहरू नियन्त्रण हुन आवश्यक छ। जिल्ला प्रशासन कार्यालय र सम्पूर्ण सुरक्षा निकायहरू मानव अधिकारको संरक्षण र संवर्द्धन गर्न प्रतिवद्ध छौँ।

**धर्मेन्द्रकुमार मिश्र**

प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय तौलिहवा, कपिलवस्तु

नेपाल मानव अधिकार वर्ष पुस्तक पुस्तकका लागि मात्र नभई मानव अधिकारका क्षेत्रमा गैरकानुनी ज्यादती र अपराधजन्य घटना हत्या, हिंसा, बलात्कार, बालविवाह, छुवाछुत, गालीबेइज्जती जस्ता घटनासमेटेर प्रकाशन हुने भएको हुँदा वर्ष पुस्तक उपयोगी छ। वर्ष पुस्तकमा महिला बालबालिका ज्येष्ठ नागरिक अपाङ्गता र पछाडि पारिएको समुदायको विषयलाई उल्लेख गर्नुपर्ने सुझावसहित शुभकामना।

**बाबुराम आचार्य**

प्रमुख, जिल्ला समन्वय समिति, कपिलवस्तु

इन्सेकले जिल्ला र देशभरकै मानवअधिकारको अवस्था उजागर गर्ने काम गरेको छ। यो अति नै सराहनीय काम हो। यसलाई निरन्तरता दिनुपर्छ भन्ने मेरो सुझाव छ। किनभने वर्ष पुस्तकले पीडितहरूका लागि ऐतिहासिक प्रमाण र दस्तावेजको काम गरेको छ। इन्सेकको यो कामले अरु सामाजिक सङ्घ संस्थाहरूलाई पनि सजग गराउने काम गरेको छ। त्यही भएर मैले पनि प्रकाशन भएदेखि हालसम्मका सबै वर्ष पुस्तक राखेको छु।

**केबी मसाल**,

संयोजक, नागरिक समाज दाङ

नेपाल मानव अधिकार वर्ष पुस्तक समाजको ऐना हो। यसले हाम्रो समाज, हाम्रो राज्य, उसले दिने सेवा र न्याय कस्तो छ भन्ने छर्लङ्गै देखाइदिएको छ।

**हुमा डिसी**

उपप्रमुख, घोराही उपमहानगरपालिका, दाङ

लामो समय देखि मानव अधिकारका क्षेत्रमा क्रियाशील इन्सेकले मानव अधिकार उल्लङ्घन, ज्यादती र मानव अधिकार हनन्का पीडितका क्षेत्रमा सराहनीय कार्य गर्दै आएको छ। मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना सङ्कलन गरी तथ्य परक रूपमा पुस्तकमा प्रकाशन गरी अभिलेखीकरण गर्ने इन्सेकको कार्य आफैमा प्रशंसनीय छ। जस्तोसुकै कठिन परिवेशमा पनि इन्सेकले मानव अधिकार वर्ष पुस्तक हरेक वर्ष प्रकाशन गर्दै आएको छ। मानव अधिकार विषयमा अध्ययन, अनुसन्धान गर्नेहरूका लागि त झन् यो वर्ष पुस्तक अत्यन्तै उपयोगी सावित भएको छ।

राज्य भित्र भएका मानव अधिकार उल्लङ्घनका घटनाको गहन रूपमा विश्लेषण समावेश हुने मानव अधिकार वर्ष पुस्तकले सम्बद्धपक्षलाई आगामी दिनमा आफ्नो भूमिका निर्वाह गर्दा मानव अधिकारका प्रचलित सिद्धान्त एवम् मूल्यमान्यतालाई आत्मसात गर्दै अगाडि बढ्न अझ बढी हौसला प्रदान गर्नेछ। मानव अधिकारको सम्मान गर्ने, संरक्षण गर्ने र त्यस्ता अधिकारको परिपूर्ति गर्ने मूल दायित्व राज्यको हुने सन्दर्भमा यस पुस्तकले सरोकारवाला पक्षलाई सदैव कर्तव्य पालनामा झक्झक्याउने छ। नेपालको संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको मार्गचित्रलाई वास्तविकतामा उतार्न सम्बद्ध सबै पक्षबाट नागरिकका मौलिक हकको प्रभावकारी उपयोग र कार्यान्वयनमा ध्यान दिनुपर्ने हुन्छ। सम्बद्ध पक्षबाट प्रभावकारी भूमिका निर्वाह गर्न प्रस्तुत पुस्तक सहयोगी सिद्ध हुनेछ भन्ने मैले विश्वास लिएको छु।

**डा.रत्नबहादुर बागचन्द**,

वरिष्ठतम् न्यायाधीश, नेपालगञ्ज इजलास, उच्च अदालत तुलसीपुर

नेपाल  मानव अधिकार वर्ष पुस्तक २०२३ प्रकाशन हुन लागेकोमा हर्षित छु। न्याय र मानव अधिकार क्षेत्रमा काम गर्ने क्रममा आफ्ना अनुभवहरू बटुल्दै दक्षता अभिवृद्धि गर्ने र मानव अधिकारका क्षेत्रमा काम गर्ने यस पुस्तकले प्रेरणा प्रदान गरेको छ। यस वर्ष पुस्तकले नेपालका हरेक जिल्ला र क्षेत्रहरूमा भएका मानव अधिकार ज्यादती र मानव  अधिकारका घटनाहरूलाई उजागर गर्दै मानव अधिकारको अवस्था र स्थितिका बारेमा समाजलाई आवश्यक सजक र सचेत गराउने छ।

**अधिवक्ता जनकबहादुर शाही**

अध्यक्ष, जिल्ला अदालत बार एशोसिएशनका, बाँके

इन्सेकले आवाजविहीनहरूको आवाज बनेर उनीहरूलाई राज्यका निकायहरूसम्म पुऱ्याइदिने महत्वपूर्ण काम गरिआएको छ। इन्सेकजस्तै संस्थाका कारण विगतमा घर र समाजभित्रै दबाएर राखिने गरेका मानव अधिकार उल्लङ्घनका घटनाहरू आज मानव अधिकार संरक्षणको जिम्मा पाएका प्रहरी र प्रशासन समक्ष पुगेर पीडितले न्याय र पीडकले सजाय पाउने अवस्थामा पुगेको छ। यसले मानव अधिकार संस्कृतिको व्यापक विस्तारमा सहयोग गरेको छ।

**खगेन्द्रप्रसाद रिजाल**

प्रमुख जिल्ला अधिकारी, सुर्खेत

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार संरक्षण तथा संवर्द्धनको क्षेत्रमा विशेष योगदान पुऱ्याएको छ। समाजमा हुने अपराधजन्य घटना पनि प्रलेखिकरण भइरहेको सन्दर्भमा मानव अधिकार उल्लङ्घनका घटना र अपराधिक घटनाहरूको वर्गीकरण गरी प्रकाशन भएमा पुस्तकको प्रभावकारिता, महत्व र सान्दर्भिकतामा अझ वृद्धि हुनेछ।

**लोकनाथ बास्तोला,**

प्रमुख, राष्ट्रिय मानव अधिकार आयोग, कर्णाली प्रदेश

नेपाल प्रहरी कार्यालय दर्ता भएका घटना बाहेक दर्ता हुन नसकेका अन्य घटना समेतको खोजी गरी प्रकाशन गर्नुपर्छ। यसले मानव अधिकार उल्लङ्घनका घटनामा कमी ल्याउन मद्दत गर्न सक्छ।

**कमल कुमार आचार्य**

स्रेस्तेदार (उपसचिव), जिल्ला अदालत, हुम्ला

मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना सङ्कलन गर्दा सरकारी कार्यालयको अभिलेखमा आधारित हुनुभन्दा इन्सेक स्वत: स्फूर्त गाउँ गाउँमा गएर दूरदराजमा भएका घटनाको अभिलेख गरि जिल्लामा भएका सबै घटना समावेश गर्न सकेमा पुस्तकको गरिमा थप बढ्ने जाने विश्वास लिएको छु।

**राजन चन्द,**

अधिवक्ता, हुम्ला

मानव अधिकार उल्लङ्घनका घटनालाई पुस्तकमार्फत सार्वजानिक गरी नागरिकलाई सचेत गराउने कार्यमा इन्सेकको सरहानीय भूमिका रहेको छ। मानव अधिकार हनन्का घटनालाई जस्ताको तस्तै उजागार गरेर मानव अधिकारको सन्दर्भमा महत्वपूर्ण दस्तावेज बन्न सकोस् भन्ने अपेक्षा राख्दछु।

**अमृतप्रसाद सुवेदी**

सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय हुम्ला

विपत् पीडितले राहत पाएका छैनन्। यस्ता कुरालाई पनि वर्षपुस्तकमा अभिलेखिकरण गर्न आवश्यक छ।

**प्रमिला रिजाल**

सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय जुम्ला

राजनीतिक दल, नागरिक, सरोकारवाला निकाय नै अपराधिक घटनाका संरक्षकको भूमिका निर्वाह गरेको पाइन्छ। यस्ता घटनाको पुष्टि गरेर अभिलेखिकरण गर्न आवश्यक छ। सडक सञ्जाल, भौतिक संरचना अपाङ्गगमैत्री छैनन्। सडकका ढल नाला ढाकिएका छैनन्। खुला नै छन्। दृष्टिविहिन व्यक्तिहरू सडकमा हिँड्न निकै असहज भएको छ।

**धनराज शाही,**

मानव अधिकार अधिकृत, राष्ट्रिय मानव अधिकार आयोग शाखा, जुम्ला

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकार अवस्थाको एक महत्वपूर्ण दस्तावेज हो। नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार हनन् तथा उल्लङ्घनका घटनालाई दस्तावेजीकरण गरेर राज्य र नागरिकलाई सूसुचित तथा जवाफदेही बनाउने प्रयास गरेको छ। मानव अधिकारको संरक्षणमा नेपाल

मानव अधिकार वर्ष पुस्तकको महत्वपूर्ण योगदान रहँदै आएको छ।

**रामबहादुर बानिया**
प्रमुख, बुढीगङ्गा नगरपालिका

मानव अधिकारको चेतना ग्रामीण भेगसम्म पुऱ्याउन पुस्तक सफल भएको छ। इन्सेकको सञ्जालीकरण स्थानीय स्तरसम्म पुगे अझ प्रभावकारी हुने देखिन्छ। नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना अभिलेखिकरण गर्ने पुस्तक मात्र होइन मानव अधिकार आन्दोलनको दस्तावेज पनि हो।

**माया खड्का कुँवर**
उपप्रमुख, बुढीगङ्गा नगरपालिका

मानव अधिकारको क्षेत्रमा बहस र पैरवी चलाउँदै मानव अधिकार हनन्का घटनाहरूलाई दस्तावेजीकरण गरी राज्यलाई मानव अधिकारको संरक्षण र संवर्धन र कार्यान्वयनका लागि नेपाल मानव अधिकार वर्ष पुस्तकले भूमिका खेलेको छ। मानव अधिकार वर्ष पुस्तक प्रकाशनले प्रहरीलाई समेत सचेत गराउँछ।

**सुर्यबहादुर थापा**
प्रहरी नायक उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, बाजुरा

मानव अधिकार वर्ष पुस्तकले नेपालको मानव अधिकारको अवस्थालाई छर्लङ्ग पारेको छ। यस पुस्तकमा मुलुकमा मानव अधिकारसँग जोडिएका विषयमा दोषीलाई कानुनी दायरामा ल्याउन राज्य कति सफल भयो भन्ने समेत जानकारी दिन्छ। जसले सम्बद्ध पक्षको जवाफदेहिता बढाएको छ।

**लोकेन्द्र बिष्ट,**
सहायक प्रमुख जिल्ला अधिकारी, बाजुरा

विगत लामो समयदेखि मानव अधिकार क्षेत्रमा वकालत गर्दै आएको इन्सेकले नागरिकको हक अधिकारको सवाललाई वर्ष पुस्तकमार्फत उजागर गर्दै आएको छ। द्वन्द्वकालदेखि अहिलेसम्म जनताको मानव अधिकार प्रत्याभूति दिलाउन इन्सेकले खेलेको भूमिका महत्वपूर्ण छ। इन्सेकले विभिन्न सचेतनामूलक कार्यक्रम ग्रामीण क्षेत्रमा सञ्चालन गर्न जरुरी छ।

**लक्ष्मीराज पाध्याय**
समाचारदाता, एभिन्युज टिभी, बाजुरा

मानव अधिकार र सामाजिक न्यायको क्षेत्रमा लामो समयदेखि क्रियाशील इन्सेकले वर्ष पुस्तक प्रकाशनमार्फत पनि समग्र मुलुकको मानव अधिकारको अवस्थालाई वार्षिक रूपमा सार्जजनिक गर्दै आएको छ। यसका माध्यमबाट मुलकको मानव अधिकारको अवस्था बुझ्न सरोकारवालाहरूलाई सहज भएको छ। मानव अधिकारको संरक्षण गर्दै विधिको शासन प्रत्याभूत गर्न यसको भूमिका अझ सशक्त बनोस्।

**बाबुराम अर्याल**
प्रमुख जिल्ला अधिकारी, बझाङ

मानव अधिकारको क्षेत्र संवेदनशील र गम्भीर भएकाले घटनाहरूको अध्ययन अनुसन्धान गरी अध्ययनबाट प्राप्त तथ्यहरूका सन्दर्भमा सरोकारवालाहरूसँग निरन्तर समन्वय, सहकार्य र अनुभव आदान प्रदान गर्न आवश्यक छ। इन्सेकले मानव अधिकारको संरक्षण गर्न राज्यलाई थप जिम्मेवार बनाउन मानव अधिकार वर्ष पुस्तक निरन्तर रूपमा प्रकाशन गर्न र वर्ष पुस्तकमा नागरिकका आर्थिक, समाजिक तथा सास्कृतक अधिकारहरूको पनि जिल्लागत विश्लेषणात्मक अध्ययन पनि गर्न आवश्यक छ।

**जागेश्वर भण्डारी**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, बझाङ

नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालको समग्र मानव अधिकारको अवस्थाको चित्रण गरेको छ। जिल्लामा मानव अधिकारका सवाल, मानव अधिकार उल्लङ्घन तथा हनन्का घटनालाई सुक्ष्म रूपमा अध्ययन गरी अभिलेख गरेको छ। नागरिकको र राज्यको समग्र अवस्था पनि सबैमा सुसूचित हुने र अन्तराष्ट्रियस्तरमा नेपालको मानव अधिकारको अवस्थाको बारेमा प्रतिनिधित्व गर्ने पुस्तकको रूपमा मैले हेरेको छु।

**लवराज जोशी**
गैरसरकारी संस्था महासङ्घ, बझाङ

मानव अधिकार संरक्षण संवर्द्धनमा टेवा पुऱ्याउँदै आएको इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको अवस्था चित्रण गर्ने तथ्यपरक दस्तावेज हो। मानव अधिकार उल्लङ्घनका घटना नजिकबाट अध्ययन गरेर तयार पारिएको यस पुस्तकले राज्यलाई समेत कानुन कार्यान्वयनमा सहयोग

पुगेको छ। मानव अधिकार संरक्षणमा राज्यको मात्र नभई सबैको उत्तिकै दायित्व छ।

**दीर्घराज उपाध्याय**

प्रमुख जिल्ला अधिकारी, दार्चुला

मानव अधिकार संरक्षणमा टेवा पुऱ्याउँदै इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक अध्ययन गर्ने अवसर प्राप्त गरेको छु। समाजमा हुने विभिन्न किसिमका मानव अधिकार उल्लङ्घनका घटनाहरू समेटेर तथ्यपरक दस्तावेज मात्रै नभएर यस पुस्तकले राज्यलाई कानुन कार्यान्वयनमा योगदान गरेको छ। मानव अधिकर संरक्षणमा यो क्षेत्रमा काम गर्ने संघसंस्था मात्रै नभई प्रत्येक सचेत नागरिकको भूमिका रहेको मेरो ठम्याइ छ। चाहे त्यो नागरिक तहबाट खबरदारी गरेर होस् या मानव अधिकारको बारेमा विभिन्न सूचना सन्देश प्रवाह गरेर होस्।

**कृष्णसिंह धामी**

अध्यक्ष, नेपाल पत्रकार महासङ्घ दार्चुला

इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारसँग सम्बन्धित समग्र विषयवस्तु वर्ष पुस्तकमा समेटेको पाइन्छ। राज्यले गर्नुपर्ने काम इन्सेकले आफ्नो स्रोत साधनमार्फत निरन्तर प्रकाशन गरेकोमा धन्यवाद ज्ञापन गर्दछु।

**हरिशचन्द्र जोशी**

अधिवक्ता, जिल्ला बार एशोसिएशन, दार्चुला

इन्सेकले लामो समयदेखि निरन्तर रूपमा प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तकले मुलुकको मानव अधिकारको स्थितिलाई चित्रण गर्दछ। यो चित्रण यथार्थ र सुक्ष्म रूपमा गर्नु आवश्यक छ। मानव अधिकारको संरक्षण र संवर्द्धनबाट देशमा सुशासन हुने र सुशासनवाट नै देशमा समृद्धि प्राप्त हुन्छ। वर्ष पुस्तकमा मानव अधिकारसम्बन्धी तथ्य र तथ्याङ्कको प्रस्तुतिले मानव अधिकार संरक्षण एवं प्रवर्धन गर्नु पर्ने कर्तव्य भएका अधिकारी र सरोकारवालालाई आफ्नो कार्यप्रति समीक्षा र मूल्याङ्कन गरी कर्तव्य निर्वाह गर्न क्रियाशील हुन दवाव सिर्जना भएको छ।

**जयानन्द पनेरु**

जिल्ला न्यायाधीश, बैतडी

इन्सेकद्वारा सदाजस्तै प्रकाशित हुने मानव अधिकार वर्ष पुस्तक २०२३ प्रकाशित हुन लागेकोमा खुशी लागेको छ। देश भित्र भएका मानव अधिकार उल्लङ्घनका जघन्य घटनाहरूलाई उजागर गरी सिङ्गो राज्यलाई मानव अधिकार संरक्षणका क्षेत्रमा झकझक्याउने कार्य प्रंशसनीय छ। साथै, आगामी दिनमा समेत यस कार्यमा थप समीक्षा सहित निरन्तरता हुनु जरुरी छ।

**सुरेश पन्थी**

प्रमुख जिल्ला अधिकारी, बैतडी

मानव अधिकार वर्ष पुस्तकले समाजमा विभिन्न किसिमले हुने गरेका मानव अधिकार उल्लङ्घनका घटनाहरू समेटने गरेको पाइन्छ। प्रस्तुत वर्ष पुस्तकमा दुर्गम र पिछडिएको क्षेत्रका अति विपन्न परिवारको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था समेत समावेश भएमा सुनमा सुगन्ध हुने थियो।

**ईश्वरदत्त जोशी**

न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, बैतडी

इन्सेकद्वारा प्रकाशन हुँदै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको अन्तर्राष्ट्रिय दस्तावेजका रूपमा स्थापित रहेको छ। नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशनमा नेपाल प्रहरीले पनि सहयोग गर्दै आएको छ। इन्सेकले मानव अधिकार उल्लङ्घनका घटनाहरूको अभिलेखीकरणका साथै ग्रामीण तहमा पनि नागरिकहरूको अधिकार र कर्तव्यका बारेमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्दछ।

**रमेशप्रसाद धमला**

एसपी, जिल्ला प्रहरी कार्यालय, डोटी

नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशनले पीडितहरूको न्यायमा पहुँच पुऱ्याउन मद्दत गरेको छ। इन्सेकले मानव अधिकारको संवर्धनको क्षेत्रमा गरेको योगदानका लागि इन्सेक परिवारलाई धन्यवाद दिन चाहन्छु।

**दीर्घराज बोगटी**

अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादी, डोटी

मानव अधिकार हननका घटनाहरूको अभिलेखिकरण गरी सार्वजनिक गर्ने प्रभावकारी संयन्त्र राज्यसँग नभएको अवस्थामा एउटा गैर सरकारी संस्थाले लामो समयदेखि मानव अधिकार हनन्का घटनाहरू संकलन गरी अभिलेखीकरण गर्ने कार्य सराहनीय छ। यस अभिलेखले अपराध अनुसन्धान र मानव अधिकार क्षेत्रका अध्ययताहरूका साथै सञ्चारकर्मीलाई पनी सहयोग गर्दै आएको छ। इन्सेकले आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारको अवस्थाका बारेमा थप अध्ययन गरी वर्ष पुस्तकमा समावेश गर्न आवश्यक देखिएको छ।

**रामहरि ओझा**
सम्पादक, बिम्व साप्ताहिक, डोटी

सबै पक्षले कानुनको पूर्ण पालना र कार्यान्वयन गर्न सकेमा मानव अधिकारको रक्षा हुन्छ। गरिबी र बेरोजगारीको अन्त्य, मानसिक समस्याको उपचार र व्यवस्थापनमा ध्यान दिन सके समाजमा हुने आपराधिक घटना नियन्त्रणमा सहज हुने देखिन्छ। स्थानीय सरकारले पनि समाजमा हुने सबै प्रकारका अपराध, सामाजिक कुसंस्कारको अन्त्यमा जोड दिन आवश्यक छ। स्थानीय सरकार नागरिकको रक्षासँगै अधिकार र कर्तव्यका क्षेत्रमा यस्ता संस्थासँग सहकार्य गर्न तयार हुनु पर्दछ।

**पदमबहादुर बोहरा**
प्रमुख, मङ्गलसेन नगरपालिका, अछाम

हिंसा, अपराध नियन्त्रसँगै मानव अधिकारको प्रत्याभूतिमा स्थानीय सरकारले नीति निर्माण गरी कार्यक्रम गाँउस्तरसम्म लैजानु पर्ने हुन्छ। सबैपक्ष जिम्मेवार हुन सकेमा मात्र मानव अधिकारको प्रत्याभूति सहजता हुने देखिन्छ। जिल्ला प्रशासन कार्यालयले मानव अधिकारको संरक्षण र संवर्द्धनमा केन्द्रित भएको छ। जिल्लामा आत्महत्याका घटनामा न्यूनीकरण गर्न इन्सेक लगायतका संघसस्थाहरूसँग सहकार्यमा जोड दिनु पर्छ।

**रामदत्त पाण्डे**
प्रमुख जिल्ला अधिकारी, अछाम

इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तकमा मुक्त कमैया, मुक्त हलिया, दलित, पछाडि पारिएका विपन्न वर्ग समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अध्ययन गरी प्रकाशन गर्दै आएको र आगामी वर्ष पुस्तकमा सिमा क्षेत्रमा भइरहेको अपराधिक घटना र त्यसको समाधानका लागि राज्य, नागरिक समाज र अभिभावकहरूको भूमिकाको विश्लेषणात्मक, अनुसन्धानात्मक अध्ययन गरी प्रकाशन गर्न आवश्यक छ।

**किरण थापा,**
प्रमुख जिल्ला अधिकारी, कैलाली

नेपाल मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घनसँगै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार उल्लङ्घनका घटना र ज्यादतीका घटनालाई तथ्यपरक, यथार्तपरक रूपमा सार्वजनिक गरी राज्यलाई मानव अधिकार संरक्षण संवर्द्धन र न्यायप्रति जिम्मेवार तथा जबाफदेही बनाउन आवश्यक छ। नेपाल मानव अधिकार वर्ष पुस्तक सार्वजनिकीकरण गर्ने कार्यले राज्यलाई मानव अधिकारप्रति जबाफदेही बनाउने गरेको छ। यसको निरन्तरताका लागि हार्दिक शुभकामना पनि दिन चहान्छु।

**धर्मराज पाठक**
सदस्य, सुदूरपश्चिम प्रदेशसभा

लैङ्गिक हिंसा तथा सम्बन्ध विच्छेदका कारण पारिवारिक बिखण्डनले बालबालिकामा प्रत्यक्ष असर परिरहेको हुनाले इन्सेकले यस्ता घटनालाई विश्लेषण गरी नेपाल मानव अधिकार वर्ष पुस्तकमा समेट्नु पर्छ। थारु समुदायमा देखिएको सिकलसेल एनिमियाको समस्या बारेमा अध्ययन गरी दिगो रोकथामका उपायबारे यस वर्ष पुस्तक मार्फत राज्यलाई दवाब दिन आवश्यक छ।

**सरस्वती अधिकारी**
इन्स्पेक्टर, जिल्ला प्रहरी कार्यालय, कैलाली

नेपाल मानव अधिकार वर्ष पुस्तकले दुरदराजमा हुने घटनाहरू समेट्न सकेको छैन। यसतर्फ इन्सेकले आफ्नो पहुँच विस्तार गर्न आवश्यक छ। आर्थिक, सामाजिक तथा संस्कृतिक अधिकारका सवालहरूको बिश्लेषण गरी त्यस्ता अध्ययन प्रतिवेदनहरू वर्ष पुस्तकमा समावेश गर्न र अधिकारको प्रत्याभूति हुने गरी राज्यलाई दवाव समेत दिन आवश्यक छ।

**हिमाल जोशी**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा, कैलाली

इन्सेकले वार्षिक रूपमा प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकले महिला, बालवालिका, ज्येष्ठ नागरिकका हक, सीमान्तकृत तथा पिछिडिएका वर्गले भोगेका हिंसा र ज्यादतीका कुरा उठाउँदै आएको छ। जुन अत्यन्तै प्रशंसनीय कार्य हो। तथ्य र प्रमाणको आधारमा मुलुकको समग्र मानव अधिकारको स्थिति सार्वजनिक गरी सरोकारवाला पक्षहरूलाई सचेत तथा संवेदनशील बनाउन मद्दत गरेको छ।

**श्यामसिंह चौधरी**
एसपी, जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर

मानव अधिकार संरक्षणमा इन्सेकले गरेको पहलकदमीका कारण मानव अधिकार उल्लङ्घनका पीडितहरूलाई न्यायमा पहुँच स्थापित गर्न सहयोग पुगेको छ। न्यायिक निकायसम्म आउन नसकेका मानव अधिकार उल्लङ्घनका घटना तथा सेवाहरूलाई पनि इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तकमा समावेश गर्न आवश्यक छ।

**लक्ष्मी बोहरा**
अध्यक्ष, गैसस महासङ्घ, कञ्चनपुर

इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तक निरन्तर प्रकाशन गर्दै आएको छ। ठाउँ र अवस्था अनुसार मानव अधिकारका सवालहरू पनि फरक हुने भएकोले त्यसतर्फ पनि इन्सेकले अध्ययन गरी वर्ष पुस्तकमा प्रकाशन गर्न आवश्यक देखिएको छ।

**माया थापा बस्नेत**
जेलर, जिल्ला कारागार कञ्चनपुर

संविधानमा व्यवस्था भएका मौलिक अधिकारहरूको पूर्ण प्रत्याभूति आमनागरिकले अझै गर्न पाएका छैनन्। नागरिकका आधारभूत मानव अधिकारका सवालहरूलाई इन्सेकले विगत लामो समयदेखि उठान गर्दै सरकारलाई खबरदारी गर्दै आइरहेको छ।

**जयन्ती अवस्थी भट्ट**
स्रेस्तेदार, जिल्ला अदालत, कञ्चनपुर

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको एक महत्वपूर्ण दस्तावेजका रूपमा स्थापित भएको छ। मानव अधिकार उल्लङ्घनमा संलग्नलाई कानुनी दायरामा ल्याउन पुस्तकले महत्वपूर्ण भूमिका खेलेको छ।

**माधवसिंह धामी**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, कञ्चनपुर